# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

मानव जीवनको अभिन्न अंग तथा आधारभूत अधिकारको रुपमा रहेको शिक्षा कुनै न कुनै माध्यमबाट सञ्चालन हुदै हालको अवस्थामा आइपुगेको छ । प्राचीन कालमा गुरुकूल शिक्षा प्रणाली थियो । विद्यार्थीहरुले गुरुसंग गई शिक्षा आर्जन गर्नु पर्दथ्यो । राणाकालमा आईपुग्दा शिक्षालाई त्यति ध्यान दिइएको पाइदैन । राणाका छोरा छोरीले मात्र शिक्षालिने व्यवस्था मिलाइएको थियो । यसरी राणाहरुले पारिवारिक शिक्षालाई वि.स. १९४२ मा सर्वसाधारणका लागि खुल्ला गरी वि.स. १९९० सालमा नेपालवाटै एस्.एल्.सी. परीक्षा दिने व्यवस्था मिलाइएको थियो । नेपालमा व्यवस्थित शिक्षा भने प्रजातन्त्रको स्थापना ( वि.स. २००७ साल) पछि मात्र लागु भएको पाइन्छ । व्यक्ति समाज तथा समग्र राष्ट्रको विकासको मेरुदण्डको रुपमा शिक्षालाई स्वीकार गरी यस तर्फ सबैको चासो बढ्दै गएको तथा सरकारले पनि यसलाई राष्ट्र विकासको मूल आधार र गरीवी निवारणको प्रमुख माध्यमको रुपमा लिएर यसको पहुँच, गुणस्तरीयता एवं प्रभावकारीताको लागि प्रयासरत रहदै आएको छ (शर्मा, २०६१) ।

विकासको प्रतिफल जसले उपयोग गर्छ, त्यो व्यक्ति, समूह वा संस्थाले उक्त विकासका सम्पूर्ण प्रक्रियाहरु (योजनाको छनौट, परिमार्जन, व्यवस्थापन, कार्यान्वयन र अनुगमन) मा प्रत्यक्ष रुपले सहभागी हुन पाउनु पर्छ र सहभागी पनि हुनुपर्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने विकासको प्रतिफल उपभोग गर्ने अधिकांश नेपालीले उनीहरुका लागि भनेर तयार गरिएका विकास कार्यमा सहभागी हुन नपाएको , सहभागीता नगराईएको र सहभागी हुनुपर्छ भन्ने जनचेतना नभएका कारणले अधिकांश योजना सफलहुन सकेका छैनन् । नेपालको सर्वाङ्गीण विकासमा सहयोग गर्ने इच्छा र तत्परता लिएर कार्य गरिरहेका विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था, मित्र राष्ट्रहरु, सहयोग नियोगहरु तथा गैर सरकारी संघ संस्थाहरुले समेत विकासका हरेक प्रकृयामा विकासको प्रतिफल उपभोग गर्ने व्यक्ति वा समुहलाई समावेस नगराइएमा उक्त कार्यहरु प्रभावकारी रुपमा सम्पन्न हुन नसक्ने कुराको जानकारी गराइरहेका छन्, साथै उनीहरु (संघ/संस्था) मार्फत संचालित कार्यक्रमहरुमा धेरै भन्दा धेरै सहभागिता जुटाउने प्रयास गरिएकाछन् (सिप्रेक, २०६४) ।

यसरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रवाट विकासका जुनसुकै कार्यमा जनसहभागिताको आवश्यकता महसुस भएर नेपाल सरकारले विकासका हरेक प्रकृयामा जनसहभागीतालाई प्रभावकारी रुपमा प्रयोग गर्ने र सरोकारवालालाई नै सक्रिय वनाउने लक्ष्य लिएको छ । यसै सन्दर्भमा शिक्षा क्षेत्रको विकासमा पनि जनसहभागिताको आवश्यकतालाई आत्मसाथ गरी प्रयोगमा ल्याउने प्रयास भइरहेको छ । यसै परिप्रेक्ष्यमा विद्यालयको चौतर्फि विकासमा त्यो विद्यालय रहेको सेवाक्षेत्र भित्रका समुदाय तथा सरोकारवालाहरु (शिक्षक, विद्यार्थी, वि.व्य.स., शिक्षक अभिभावक संघ तथा अभिभावकहरु) ले विद्यालय हाम्रो हो, यसको विकास हामी सबैले गर्नुपर्छ भन्ने चेतना उजागर हुनुपर्छ । विद्यालयका सुधार/विकास गर्नु पर्ने क्षेत्रहरुको पहिचान गरी प्राथमिकता निर्धारण गर्दै सोको लागि योजना निर्माण गर्ने, परिमार्जन गर्ने स्रोत जुटाउने, जिम्मेवारी तोक्ने, जवाफदेहिता वहन गर्ने, कार्यान्वयन गर्ने, मूल्याङ्कन र अनुगमन गर्ने जस्ता महत्वपूर्ण काम विद्यालय व्यावस्थापन गर्ने को हो, यसरी विद्यालयको व्यवस्थापनलाई हस्तान्तरण गर्नु भनेको विद्यालय तहमै विकेन्द्रीकरण लागु गर्न एउटा नीतिगत विकल्प हो । विद्यालय माथिको सरकारी अंकुश खुकुलो पार्ने, परिवार र विद्यार्थीलाई सोझै सहुलियत दिने र विद्यालय/विद्यालय वीच प्रतिस्पर्धा वढाई दिने जस्ता कामहरु विकेन्द्रीकरणका आधारभूत कृयाकलापहरु हुन् (सिप्रेक, २०६४) ।

यसरी नेपालमा २००७ साल पश्चात् स्वतस्फूर्त रुपमा खुलेका सामुदायिक विद्यालयहरुले समुदायको सहयोगमा चलाउने चाँजोपाँजो मिलाएकोमा रा.शि.प.यो. २०२८ ले सम्पूर्ण जिम्मेवारी सरकारले लिएपछि समुदायको भुमिका गौण हुन पुग्यो । फलस्वरुप शिक्षाको गुणस्तरमा ह्रास देखापर्न थाल्यो । शिक्षा ऐन २०२८ को सातौं संशोधनले प्राथमिक उपभोक्तालाई विद्यालय व्यवस्थापनमा सहभागी गराउने नीति अनुरुप वि.व्य.स. गठन गर्ने कानुनी मान्यता दिई सोहि अनुसार लागु गरियो । यसै पृष्ठभूमिमा दशौं योजना ( २०५९/२०६४) ले पनि सामुदायिक विद्यालयको व्यवस्थापकीय अधिकार समुदायमा हस्तान्तरण गर्ने नीति लिइयो । २०६४ माघ मसान्त सम्ममा यस्ता विद्यालयहरु ४३०० वटा पुगेका छन् । अन्तर्राष्ट्रिय परिवेशलाई हेर्ने हो भने म्यानमारमा समुदायद्धारा लगानी गरिएका विद्यालयहरु पनि छन् । चीनमा स्थानीय समुदायले १०% पूर्ण कालीन माध्यमिक शिक्षक नियुक्ती गरी विद्यालयहरु सञ्चालनमा छन् । भुटानमा पनि यस्ता खालका विद्यालयहरु सञ्चालन गरिएका छन् । नेपालमा दशौं योजनाको सोच अनुरुप विद्यालयलाई आवश्यकता

अनुसार श्रोत र साधन उपलब्ध गराउने, विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउने, पठन पाठनमा नियमितता ल्याउने, सफलतापूर्वक कक्षा उत्तीर्ण गराउने , विद्यालयको सञ्चालन एवं ब्यवस्थापन स्थानीय समुदायबाटै गराउने गरी सरकारबाट एकमुष्ठ अनुदान दिने गरी सरकार र विश्व बैङ्कको संयुक्त सहयोगमा ३ बर्षे कार्य योजना बनाई आ.ब. २०६०/०६१ मा लागु गरिएको थियो (सिप्रेक, २०६४) ।

सामाजिक रुपान्तरण नै शिक्षाको पहुँच र गुणस्तरमा निर्भर गर्दछ । यसैको माध्यमबाट समाजले सचेत, सक्षम र उत्पादनशील तथा सामाजिक परिवर्तन प्रति सजग नागरिकको कल्पना गरेको हुन्छ । त्यसैले शिक्षालाई सामाजिक तथा आर्थिक विकासको आधारशीला मानिन्छ ।

आधुनिक समाजले शिक्षालाई सामाजिक उत्थान गर्न, मानवीय मूल्य र मान्यतालाई आत्मसाथ गर्न, अन्तर्राष्ट्रिय भावनाको कदर गर्न, नागरिकको आर्थिक क्षमता अभिबृद्धि गर्न, प्राकृतिक स्रोत तथा सामाजिक परम्परा र संस्कृतिको संरक्षण तथा सम्बर्धन गर्नका साथै राष्ट्रप्रति प्रेम र श्रमप्रति समन्वय गरी नयाँ नयाँ ज्ञान सीप र प्रविधिको विकासमा समायोजन गर्न सक्ने बहुआयमिक जनशक्ति उत्पादन गर्ने साधनको रुपमा अङ्गिकार गरेको छ । (नेपाल सरकार, ३ बर्षे अन्तरिम योजना, २०६३) कुनै पनि देशको विकासको लागि शिक्षाको बिस्तार अपरिहार्य छ । शिक्षालाई विकासको महत्वपूर्ण पूर्वाधारको रुपमा लिइन्छ । यस कारण विभिन्न देशहरुले शैक्षिक विस्तारलाई प्राथमिकता दिएको पाइन्छ । शैक्षिक विस्तारको लागि र शिक्षामा गुणात्मक सुधार ल्याउनको लागि शिक्षामा गरिने वित्तीय लगानिको उचित व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्छ । "लगानी भन्नाले विभिन्न स्थानबाट स्रोत जुटाई कुनै लक्ष्य हाँसिल गर्नको लागि गरिने योजनाबद्ध खर्च बुझिन्छ । " (थापा २०५५ : १३) यसर्थ शिक्षामा गरिने लगानीको उचित प्रयोग हुनु अत्यावश्यक देखिन आउछ । त्यसमा पनि प्राथमिक शिक्षा भनेको शिक्षा प्रणालीको जगनै हो । प्राथमिक शिक्षा वालविकासको मेरुदण्ड हो । आधारभूत तह सम्मको शिक्षा प्राप्त गर्न पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो । आधारभूत तहको शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्न र यस तहको शिक्षालाई अधिकारको रुपमा स्थपित गर्न सकेमात्र समतामूलक समाजको परिकल्पना गर्न सकिन्छ । त्यसैले प्राथमिक विद्यालयले प्राप्त गरेको अनुदानको उचित व्यवस्थापन र प्रयोग हुनु अपरिहार्य छ । यस सन्दर्भमा शिक्षा ऐनको सातौं संसोधन (२०५९) ले विकेन्द्रीकरणको माध्यमबाट अभिभावक एवं अन्य

सरोकारवालाहरुको सशक्त प्रतिनिधित्व रहेको विद्यालय व्यवस्थापन समितिलाई विद्यालय शिक्षाको अधिकार सम्पन्न एकाई वनाई सकेपछि यस आधिकारलाई कार्यक्रममा ल्याउने सरकारले विभिन्न कार्य ढाँचाहरु अगाडि सार्दै आएको छ ।

विद्यालय सुधार योजनाका आधारमा प्रति विद्यार्थी लागतको रुपमा शैक्षिक विकास खर्च प्रवाह एक महत्वपूर्ण पक्ष हो भने यसलाई विस्तार गर्दै विद्यार्थी सङ्ख्या बृद्धि भएका आधारमा राहत अनुदानको नामबाट थप शिक्षक राख्नको लागि विद्यालयलाई दिएको अनुदान दोस्रो हो । यसै शिलशिलामा आएको अझै सशक्त कार्यक्रम हो । सार्वजनिक विद्यालयको व्यवस्थापनमा समुदायलाई नै ससक्त बनाई यसको प्रतिनिधिको रुपमा विद्यालय व्यवस्थापन समिति मार्फत विद्यालयपको समग्र विकासका कार्यक्रमहरु अघि बढाउन सरकारबाट समुदायको व्यवस्थापनमा जान इच्छुक विद्यालयहरुलाई रु. १,००,०००।- को प्रोत्साहन अनुदान दिदै अघि बढाउन शुरु गरिएको छ । यस कार्यक्रमहरुमा पछिल्ला दिनहरुमा विश्व वैङ्कको सहयोगमा आएको सामुदायिक विद्यालय सहयोग कार्यक्रमबाट प्रति विद्यालय तह रु. १ लाखको प्रोत्साहन अनुदान, पहूँच बृद्धि र गुणस्तर सुधारको कार्य योजना अघि बढाउन सक्षम विद्यालयहरुलाई विद्यार्थी भर्ना बढाएबापत दक्षता सुधार अनुदान एवं बृद्धि भएको विद्यार्थी सङ्ख्या व्यवस्थापन गर्न दिइने भौतिक सुधार तथा शिक्षक थप गर्नका लागि दिइएको आर्थिक अनुदानले कमजोर शैक्षिक एवं आर्थिक स्थितिमा रहेको विद्यालयहरुको आधुनिकीकरण एवं प्राज्ञिक सुधारमा महत्वपूर्ण फड्को मारेको छ (नेपाल, २०६४) ।

यसरी विभिन्न क्षेत्रबाट समुदायलाई विद्यालय व्यवस्थापनको जिम्मेवारी प्रदान गर्ने कार्यक्रम अन्तरगत विभिन्न निकायबाट सहयोग प्राप्त गरेको छ । यसरी प्राप्त भएको सहयोगलाई के कसरी प्रयोग गरिएको छ ? भनी बिचार गरिएन भने यसले समस्या निम्त्याउन सक्छ । समुदायमा विद्यालय व्यवस्थापनको हस्तान्तरणमात्रै शैक्षिक गुणस्तर विकासको अचुक औषधि भने होइन । हस्तान्तरण गरिएका विद्यालयमा सक्षम व्यवस्थापन हुनसकेन भने प्रतिकुल परिणाम आउनसक्छ । त्यसैले व्यवस्थापकको सक्षम व्यवस्थापनबाट नै प्राप्त सहयोगको समुचित प्रयोग हुन्छ । जसले गर्दा शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारिता ल्याउन सकिन्छ । यसै अनुरुप समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयहरुले प्राप्त सहयोग कहाँ, कसरी प्रयोग गरेकाछन् ? र त्यबाट सिकाई उपलब्धिमा कस्तो प्रभाव परेको छ ? भन्ने उद्देश्य सहित यो शोध पत्र तयार गरिएको हो ।

## १.२ समस्याको कथन

शिक्षाको योजनाबद्ध विकास गर्न तथा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नका लागि वि.स.२००७ साल पछि बनेका विभिन्न आयोगहरुले विभिन्न सुझावहरु दिए र जुनरुपमा त्यसको कार्यान्वयन भयो त्यसबाट सन्तोष जनक रुपमा उपलब्धि हासिल भएको पाइन । देशमा प्रजातन्त्रको पुनर्स्थापना पछि गठित वि.स. २०५५ सालको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले विद्यालयको ब्यवस्थापकीय पक्षको सम्पूर्ण जिम्मेवारी समुदायलाई हस्तान्तरण गर्दै जाने सिफारिस गऱ्यो । यसैको आधारमा शिक्षा ऐन तथा नियमावलीमा ब्यवस्था गरी आ.ब.२०६०/०६१ देखि विद्यालयको ब्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्य शुरु गऱ्यो ।

नेपालको विगत छ दशकको इतिहाँसलाई हेर्ने हो भने शिक्षा क्षेत्रको विकासलाई उल्लेख्यनै मान्नुपर्ने हुन्छ । त्यसमध्ये पनि ५० को दशकसम्मको शैक्षिक विकासक्रम अलि सुस्त गतिमा अघि बढेको पाइन्छ भने अहिले आएर यसमा निक्कै विस्तार भएको देखिन्छ । यसरी हेर्दा २००७ सालसम्ममा जम्मा नेपालको साक्षारता दर २% थियो भने २०६३ सालमा आइपुग्दा ६ बर्ष माथिको ६३% र १५ बर्ष माथिको ५२% पुगेको छ । यस्तै प्राथमिक तहको खुद भर्नादर ८९.१% पुगिसकेको छ । यस बीचमा छात्रा भर्नादर र दलित तथा अन्य पिछडिएका जनजातीको भर्नादरमा पनि निक्कै सुधार आएको पाइन्छ । (नेपाल,२०६४)

कुनै पनि संघ संगठनको लक्षित उद्देश्यलाई पुरागर्न त्यमा गरिएको लगानीलाई व्यवस्थित ढङ्गबाट व्यवस्थापन गरिनु पर्छ । शिक्षा क्षेत्रमा गरिएको लगानीलाई उच्च शैक्षिक उपलब्धी प्राप्त गर्ने लक्ष्य राखी उपयोग गर्नु पर्छ । हाम्रो व्यवस्थापन कमजोर बन्दै गएको अवस्थामा यसलाई अवलोकन गर्दा सङ्ख्यात्मक रुपमा माथि उठेता पनि त्यसको तुलनामा गुणात्मक अवस्था कमजोर देखिन्छ । यस्तो अवस्थामा शैक्षिक लगानीलाई व्यवस्थित गरि प्रयोग गर्न नेपाल सरकारले विकेन्द्रिकरणको नीति अनुरुप विद्यालयको व्यवस्थापन गर्ने जिम्मा समुदायलाई दिंदै आइरहेको छ । यस्तो विकेन्द्रिकरणको नीति अनुरुप सञ्चालन भएका सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धी कस्तो छ ? भौतिक विकास भएको छ छैन ? विद्यालय र समुदायको सम्बन्ध कस्तो छ ? समुदायले विद्यालय प्रतिको दायित्व र जिम्मेवारी पुरा गर्न सक्छ ? विद्यालयको व्यवस्थापन हस्तान्तरणको मुद्दा विवाद मुक्त छ ? आदि जस्ता विषयमा अध्ययन केन्द्रित रहेको छ ।

### १.३ अध्ययनको औचित्य

विद्यालयहरु समुदायका लागि स्थापना भएका हुन्छन् । त्यसर्थ विद्यालय समुदायबाट सदैव संरक्षित हुनुपर्छ । विद्यालयका व्यवस्थापकीय पक्षहरुको प्रभावकारी योजना र त्यसको समुचित कार्यान्वयनबाट मात्र विद्यालयको चौतर्फी विकास हुन शैक्षिक प्रगति सम्भव हुन सक्छ । देशको विकासको गति त्यसमा रहेको जनशक्तिमा निर्भर गर्दछ । देशले सक्षम जनशक्ति त्यतिवेला पाउँछ जव शैक्षिक संस्थाहरुमा सवल र सक्षम व्यवस्थापन हुन्छ । सवल र सक्षम व्यवस्थापनको कार्य सम्भव तुल्याउनका लागि सम्बन्धित सरोकारवालाहरुको सहभागिता अनिवार्य हुनुपर्छ (रा.शि.प.यो.,२०२८) । सम्पूर्ण काम गर्ने अधिकार सरकारलेनै लिएका कारणले गुणात्मक शैक्षिक उत्पादन हुन नसकेको कुरा हाम्रो सामु छर्लङ्ग छ । यसका साथै नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका “सबैका लागि शिक्षा हाम्रो प्रतिवद्धता १९९०” लाई मूलमन्त्र ठानी बिभिन्न कार्यक्रम र नीतिहरु अगाडी सारेको छ । कार्यक्रम र नीतिहरु जतिसुकै राम्रा भएपनि कार्यान्वयन पक्ष राम्रो भएन भने राष्ट्रिय प्रतिबद्धता पुराहुन सक्दैन । यसै अनुरुप हाल नेपालमा शिक्षा ऐन २०२८ को सातौं संशोधन (२०५८) पछि नेपाल सरकारले विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दै लाने घोषित नीति अनुरुप विद्यालयको व्यवस्थापनको जिम्मा कमश : समुदायलाई दिदै आएको छ । यसै अनुरुप स्थानीय सरोकारवालाहरुलाई उनीहरुकै सक्रिय सहभागिता र सहयोगमा निर्माण देखि कार्यान्वयन र अनुगमनको अधिकार प्रदान गरेमा स्थानीय आवस्यकता र चाहना अनुसारको कार्यक्रम निर्माण र कार्यान्वयन हुन सक्छ ।

यसै अनुरुप शैक्षिक विकेन्द्रिकरणमा विभिन्न प्रयासहरु हुदै आएका छन् । बिभिन्न ऐन नियमद्धारा अभिव्यक्त गरिएका विकेन्द्रीकरण सम्बन्धी केही अभिव्यक्तिहरु यस प्रकार छन् ।
योजना र लगानी बीचको उपयुक्त सम्बन्ध कायम गरी विद्यालय र समुदायको आवस्यकता पुरा गर्न स्विकृत योजनामा आधारित एकमुष्ठ अनुदान प्रदान गरी Principle of subsidiarity लाई अवलम्बन गर्दै शैक्षिक विकेन्द्रीकरणकमा टेवा पुऱ्याउने छ । ( सबैको लागि शिक्षा मूल दस्तावेज, (२००४ – २००९ ) ।

विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र समन्वय गर्न अभिभावकहरुमध्येबाट विद्यालय व्यवस्थापन समिति गठन गाउँ विकास समिति क्षेत्र भित्र सञ्चालन हुने विद्यालय बीच समन्वय गर्ने काम समेतको लागि गाउँ शिक्षा समितिको गठन, विद्यालयको शैक्षिक

गुणस्तर अभिबृद्धि गर्न सहयोग गर्न अभिभावक शिक्षक संघको व्यवस्था, विद्यालय बर्गीकरण, विद्यालयबाट उठाउनु पर्ने शुल्कको निर्धारण विद्यालय स्वयंले गर्ने व्यवस्था शिक्षा (ऐन २०२८ तथा शिक्षा नियमावली २०५९) ।

प्रत्येक गाउँ विकास समितिले आफ्नो गाउँ विकास समिति भित्र तथा नगर पालिकाले नगरपालिका भित्र आफ्नो स्रोतबाट पूर्ब प्राथमिक विद्यालय, प्राथमिक विद्यालय स्थापना गर्ने, स्थापना गर्न अनुमति दिने तथा सञ्चालन, व्यवस्थान गर्ने, गा.वि.स./न. पा. क्षेत्र भित्र सञ्चालन भएका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने, मातृभाषामा प्राथमिक शिक्षा उपलब्ध गराउन सहयोग गर्ने व्यवस्था (स्थानीय स्वायत्त शासन ऐन २०५५) ।

यसरी विभिन्न ऐन, नियम तथा निर्देशनमा भनिएतापनि समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयको वास्तविकता कावारेमा अध्ययन गर्नु आवस्यक देखिएकाले अध्ययनलाई अगाडि बढाउने जमर्को गरेको छु । यसै क्रममा समुदायद्धारा व्यवस्थापन भएका विद्यालयको वास्तविक स्थिति के छ भनी सम्बन्धित पक्षलाई यसको वास्तविक जानकारी गराउन समुदायद्धारा व्यवस्थापन भएका विद्यालयको अनुदान स्थिति, स्रोत सङ्कलनका उपायहरु, विद्यालयको विकासमा पार्ने प्रभाव, विद्यालय समुदाय बीचको सम्बन्ध, यसबाट पर्ने नकारात्मक प्रभाव र यसको निराकरण, शैक्षिक उपलब्धिको स्थिति आदि बिषयमा अध्ययन गर्न यो अध्ययन महत्वपूर्ण हुने विश्वास गर्न सकिन्छ । यस अनुसन्धानबाट प्राप्त हुने निष्कर्ष, अन्य विद्यालय, सम्वन्धित जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग तथा अन्य शैक्षिक क्रियाकलापमा चासो लिने सवैका लागि उपयोगी हुने विश्वास लिन सकिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार छन् :

१. समुदायद्धारा व्यवस्थापन जिम्मा लिएपछिको शैक्षिक व्यवस्थापनको लेखाजोखा गर्न ।

२. समुदायद्धारा व्यवस्थापन जिम्मा लिएपछिको विद्यार्थी सिकाई उपलब्धिको विश्लेषण गर्न ।

३. समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयहरुको समुदायसँगको सम्वन्ध अध्ययन गर्न ।

४.समुदायद्धारा व्यवस्थापन जिम्मा लिंदा शैक्षिक व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी सुझाउन ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरु :

समुदायद्धारा विद्यालयको ब्यवस्थापन हुदा विकेन्द्रीकरणको सिद्धान्त अवलम्बन हुने विश्वास शिक्षा ऐन तथा नियमावलीले लिएको छ । समुदायलाई नै बढी स्वायत्तता दिन खोजेको पाइन्छ । विद्यालयको ब्यवस्थापन समुदायद्धारा हुँदा अपेक्षा गरिए अनुरुपको प्रतिफल प्राप्त भए नभएको कुरा यसको विश्लेषणबाट थाहा हुन सक्छ । यस अनुसन्धानका लागि अनुसन्धानकर्ताबाट निम्न अनुसारका आनुसन्धानात्मक प्रश्नहरु प्रस्तुत गरिएको छ ं-

(क समुदायद्धारा व्यवस्थित विद्यालयको व्यवस्थापन प्रक्रिया कसरी भइरहेको छ ?

(ख) विद्यालयको ब्यवस्थापन समुदायले जिम्मा लिदा भौतिक अवस्था र सिकाई उपलब्धिमा के कति सुधार आएको छ ?

(ग) विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिदा विद्यालय र समुदायको कस्तो सम्बन्ध छ ?

(घ समुदायमा व्यवस्थापनलाई हस्तान्तरण गर्दा आफ्नो दायित्व र जिम्मेवारीलाई के कति पुरा गर्न सकेका छन् ?

(ङ) उल्लेखित समस्याहरु समाधान गर्ने र शैक्षिक उपलब्धिलाई बढाउने वैकल्पिक उपायहरु के के हुन सक्छन् ?

### १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन सामुदायिक विद्यालयको ब्यवस्थापन समुदायद्धारा व्यवस्थित गर्दा देखिने प्रभावको अध्ययन हो । यस अध्ययनमा अनुसन्धानकर्ताबाट समुदायद्धारा व्यवस्थापन भएका विद्यालयको शैक्षिक विकास एवम् गुणस्तर, भौतिक सुधार, विद्यालय समुदायको सम्बन्ध, विद्यालय समुदायले खेल्नुपर्ने भूमिका र यसले पारेको प्रभावको वारेमा केन्द्रित रही समय साधन तथा आर्थिक अभावले गर्दा यो अनुसन्धानलाई तेह्रथुम जिल्लामा हालसम्म समुदायद्धरा व्यवस्थित भएका विद्यालयहरुमध्ये १२ वटा विद्यालयहरुमा सिमित गरिएको छ ।

## १.७ सम्बन्धित बुँदाहरुको परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस अध्ययनमा उल्लेख गरिएका निम्न शब्दहरुको अर्थ देहाय बमोजिम हुनेछ ।

क) सहजै देखिने भर्नादर -

$$\frac{\text{विद्यालयमा अध्ययन गरिरहेका १-५ कक्षाका जम्मा विद्यार्थी सङ्ख्या}}{\text{सेवाक्षेत्रका जम्मा विद्यालय उमेरका बालवालिकाको सङ्ख्या}} \times १००$$

(ख) खुद भर्नादर -

$$\frac{\text{१-५ वर्षका विद्यार्थी सङ्ख्या}}{\text{सेवाक्षेत्रका जम्मा विद्यालय उमेरका बालवालिकाको सङ्ख्या( ५-९)}} \times १००$$

(ग)औषत सिकाई उपलब्धि - कुनै कक्षाको प्रत्येक विषयमा विद्यार्थीले प्राप्त गरेको औषत प्राप्ताङ्क

(घ) कक्षा छाड्ने दर - शैक्षिक सत्र पुरा नगरी कक्षा छाड्ने विद्यार्थीको प्रतिशत

(ङ) कक्षा दोहोऱ्याउने दर - कक्षा उत्तीर्ण नगरी दोहोऱ्याउने विद्यार्थीको प्रतिशत

(च) बार्षिक उपस्थिति दर - विद्यालय खुलेको दिनको आधारमा भएको उपस्थिति प्रतिशत

# परिच्छेद दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयको व्यवस्थापन सञ्चालन गर्न समुदायलाई जिम्मा दिने विषयमा सर्वप्रथम उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) को प्रतिवेदनमा उल्लेख गरिएको छ । यस पछि शिक्षा ऐन २०२८ ( सातौ संसोधन २०५८) मा ब्यवस्था गरी विद्यालयको ब्यावस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति सरकारले अघि सारेको छ । शिक्षा (आठौ संशोधन) अध्यादेशको दफा ११ मा भनिएको छ – कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानीय निकाय, व्यवस्थापन समिति वा सस्थालाई जिम्मा दिन सकिने छ । त्यसरी ब्यवस्थापन जिम्मा दिइएका विद्यालयलाई यस ऐनको अधिनमा रही एकमुष्ठ अनुदान दिइने छ । उक्त उच्चस्तरीय आयोगले विकेन्द्रीकरणको अवधारणा अनुरुप नेपाल सरकारले विद्यालयहरु समुदायद्धारा व्यवस्थापन गर्ने नीति अनुरुप प्रकाशमा ल्याइएका विभिन्न ऐन, नियमका साथै कार्यक्रम पुस्तिका तथा शिक्षासँग सम्वन्धित विभिन्न सरोकारवाला व्यक्तिहरुद्धारा प्रकाशित लेख, रचनाहरु समेतलाई अध्ययनको आधार वनाएर तिनैका माध्यमबाट समुदायद्धारा व्यवस्थापन भएका विद्यालयहरुको शैक्षिक उपलब्धिको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

विकेन्द्रिकरण भन्नाले केन्द्रीय स्तरमा मात्र प्रयोग गर्न सकिने अधिकार वाहेक अन्य सबै अधिकार तल्लो तहसम्म सुम्पने सु–व्यवस्थित प्रयासलाई जनाउँछ । (Louis cited 1989 in K.C.2054) यस्तै रबिन्सका अनुसार विकेन्द्रीकरण भन्नाले तलतिर अख्तियारको प्रत्यायोजन के कति मात्रामा गरिएको छ भन्ने जनाउँछ । (Robbins 1985) यसैगरी कुन्टज र वाईरिचको (सन् १९९४) शब्दमा संगठित संरचनामा निर्णय गर्ने अधिकार वितरण गर्ने प्रबृत्ति नै विकेन्द्रिकरण हो । यस्तै डेलविच (सन् १९८५) को भनाई अनुसार विकेन्द्रिकरण भनेको निर्णय लिने अधिकार यथासम्भव काम गर्ने तहसम्म पुर्याउनु हो । ( घिमिरे, २०६२, Robbins 1985 बाट उद्धृत) माथिका परिभाषा अनुसार निर्णय लिने अधिकार व्यवस्थित ढङ्गले समुदायका व्यक्तिहरुलाई सुम्पनु तथा कार्यान्वयनमा समुदायका व्यक्तिहरुलाई प्रत्यक्ष रुपमा संलग्न गराउनु हो भन्ने ठानेको छु । यसर्थ विद्यालयको

व्यवस्थापनलाई बुझ्दा विकेन्द्रिकरण भनेको विद्यालयको योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने सम्पूर्ण अधिकार समुदायका व्यक्तिहरुलाई नै दिनु हो ।

शिक्षा नियमावली २०५९ (तेस्रो संसोधन २०६२) को परिच्छेद ५ (क) मा समुदाय द्वारा संचालित विद्यालय व्यवस्थापन सम्बन्धी ब्यवस्था गरिएको छ । यस नियमावलीको परिच्छेद ५ (क) को दफा २२ (क) मा सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन अनुसूचि ११ (क) बमोजिमको ढाँचामा गा.वि.स. नगरपालिका र संस्थाले भए जि.शि.का.मा र जि.वि.स. ले भए क्षे.शि.नि. मा निवेदन दिनु पर्ने व्यवस्था छ । सोहि नियमावलीको दफा २२ (क) को उपदफा ३ मा प्राथमिक विद्यालयको व्यवस्थापनको जिम्मा जि.शि.अ. ले र नि.मा.वि., मा.वि.को हकमा जि.शि.अ.को राय सहित आफूसंग आएको निवेदन माथि विचार गरी क्षेत्रीय शिक्षा निर्देशकले विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्नेछ ।

समुदायबाट संचालित विद्यालयले नेपाल सरकारवाट शिक्षक तलबभत्ता, संचयकोष दिने व्यवस्था छ । उपदफा (ख) मा सामुदायिक विद्यालय जिम्मा लिदा प्रोत्साहन स्वरुप एक पटक मात्र रु. एक लाख दिने व्यवस्था छ । दफा २२ (ग) मा समुदायद्धारा सञ्चालित वि.व्य.स.को काम कर्तव्य र अधिकार तोकिएको छ । त्यसै गरी दफा २२ (घ) मा समुदायद्धारा सञ्चालन हुने विद्यालयको व्यवस्थापन जिम्मा लिने स्थानीय निकाय वा संथाको काम, कर्तब्य र अधिकार तोकिएको छ । यसका अलवा २२ (ङ) मा सामुदायिक शिक्षकको नियुक्ती सम्बन्धी व्यवस्था गरिएको छ । समुदायद्धारा विद्यालय व्यवस्थापन हुने कार्य निर्देशिका २०५९ जारी भई आ.व. २०५९/०६० देखि नै उल्लेख्य सङ्ख्यामा विद्यालयहरुलाई समुदायद्धारा व्यवस्थापन हुनेगरी जिम्मेवारी हस्तान्तरण हुने कार्य हुदै आएको छ ।

सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरण कार्यक्रमलाई सहयोग गर्न नेपाल सरकार र विश्व बैंङ्कको संयुक्त सहयोगमा ३ बर्षे सामुदायिक विद्यालय सहयोग आयोजना ( cssp) आ.व. २०६०/०६१ देखि शुरु भएको छ । यस आयोजना मार्फत् करीब १५०० विद्यालयहरुलाई तहगत हिसाबले प्रोत्साहन स्वरुप एकमूष्ठ रु. १ लाख प्रदान गर्ने तथा ती मध्ये निश्चित मापदण्डका आधारमा छानिएका २५० वटा विद्यालयलाई उपलब्धीका

आधारमा थप अनुदान प्रदान गरी शिक्षामा गुणस्तर विकास गर्न सामुदायिक विद्यालयहरुलाई सहयोग पुऱ्याउने सो कार्यक्रमको लक्ष्य छ भनि सो निर्देशिकामा उल्लेख छ ।

यसरी सो निर्देशिकामा कार्यक्रम ढाँचा तथा विद्यालयका सरोकारवालाहरु र तिनको भूमिका समेत तोकिएको छ । समुदायद्धारा ब्यवस्थापन हुने विद्यालयका सरोकारवालाहरुमा शिक्षा तथा खेलकूद मन्त्रालय केन्द्रिय कार्यक्रम कार्यान्वयन समिति, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, वि.ब्य.स. र विद्यालयलाई उल्लेख्य सहयोग गर्नेहरुको भुमिका समेत स्पष्ट पारिएको छ ।

यस कार्यक्रम अन्तरगत विभिन्न अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था छ । यस अन्तरगत एकमुष्ठ आर्थिक सहयोगका अतिरिक्त प्रा.वि. मात्र स्वीकृति भई नि.मा.स्तर अनुमति लिई संचालित विद्यालयलाई दक्षतामा आधारित आर्थिक अनुदान सहयोग, विद्यालय वाहिर रहेका दलित महिला तथा पिछडिएका जनजातीका वालवालिकालाई विद्यालयमा ल्याई भर्नादर बृद्धि गराए वापत प्रगतिमा आधारित आर्थिक सहयोग र स्वीकृति प्राप्त गरी नेपाल सरकारको अनुदान पाइरहेको विद्यालयको हकमा उपलब्धिस्तर अभिबृद्धि वापत उत्तीर्णदरका आधारमा आर्थिक सहयोग गर्ने कार्यक्रम छ । उपलब्धी कार्यदक्षता एवं प्रतिस्पर्धाका आधारमा छानिएका २५० विद्यालयहरुले आफ्नो सेवाक्षेत्र भित्र शैक्षिक कार्यक्रममा संलग्न नभएका प्राथमिक उमेर समूहका वालवालिकाहरुलाई विद्यालय भर्ना गराए वापत त्यसरी बढेको विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी रु. ५०० का दरले थप अनुदान दिने व्यवस्था गरिएको छ । निर्देशिकामा ब्यवस्था भएका अन्य कुराहरुमा छात्रबृत्ती, तालिम तथा सचेतना कार्यक्रम, विद्यालय पहुँचको अभिलेख राख्नुपर्ने, अनुगमन तथा मूल्यांकन, समुदाय भेला, परियोजना सल्लाहकार समिति तथा अन्य सहयोग रहेका छन् ।

विद्यालय व्यवस्थापनको अध्ययन गर्ने क्रममा मानव सम्बन्ध र सिद्धान्तलाई आधार मानी विद्यालयको व्यवस्थापनमा प्र.अ., शिक्षक, वि.व्य.स. तथा अभिभावकले आपसी सम्बन्ध कायम गरी सकारात्मक सोचलाई अङ्गालेर अगाडि बढ्नु पर्छ भन्ने दृष्टिकोण राखेको छ । शिक्षण संस्थाहरु सामाजिक सेवाका लागि स्थापना भएका हुन् । शैक्षिक प्रशासन भनेको एउटा सामाजिक प्रणाली भएकाले यो मानव सम्बन्ध सिद्धान्तसँग एकाकार

हुन पुग्छ । विद्यालयमा आउने वालवालिका विभिन्न पृष्ठभूमिका हुनाले उनीहरुको चाहना आवश्यकता अनुरुपको शिक्षण सिकाई क्रियाकलाप हुनु जरुरी छ । यसका लागि विकेन्द्रीत शिक्षा नीतिको आवश्यकता पर्दछ । विद्यालयलाई यस सिद्धान्त अनुरुप समुदायमा हस्तान्तरण गरिदा शैक्षिक उपलब्धि उच्च हुन सक्छ ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले विद्यालयलाई ३ प्रकारमा बर्गीकरण गर्ने सिफारिश गरेको छ । जस अनुसार सार्बजनिक, नीजि र सामुदायिक हुनेछन् । सामुदायिक विद्यालयलाई उक्त आयोगले यसरी परिभाषित गरेको छ – कुनै संघ, संस्था, समुदाय विद्यालयमा कार्यरत शिक्षकहरु तथा विद्यालय व्यवस्थापनका लागि उत्प्रेरित ब्यक्तिहरु आदिको संयुक्त नेतृत्वमा सञ्चालन भएका विद्यालयलाई सामुदायिक विद्यालय मान्नु पर्छ । यस्ता विद्यालयहरुले निर्धारित मापदण्ड अनुसार शुल्क उठाउन पाउने व्यवस्था हुनुपर्छ । उक्त आयोगको प्रतिवेदनमा अगाडि भनिएको छ – हाल सरकारी लगानीमा सञ्चालित सक्षम विद्यालयहरु सामुदायिक विद्यालयका रुपमा परिणत हुन चाहेमा तिनलाई कमश : सामुदायिक विद्यालयका रुपमा विकसित गर्दै लैजानु पर्दछ । यसबाट आर्थिक तथा ब्यवस्थापन सम्बन्धि दायित्व सरकारको यस्ता क्षेत्रमा कम हुन जान्छ र आर्थिक श्रोत जुटाउन नसक्ने विपन्न समुदाय, दुर्गम तथा न्यून आयश्रोत हुने क्षेत्रका विद्यालयको विकासमा सरकारको ध्यान बढी केन्द्रित हुनपाउछ । यस्ता विद्यालयहरुलाई ग्रामीण क्षेत्रमा पनि संचालन गर्नका लागि प्रोत्साहन गर्नु पर्छ ।

यसरी संचालन भएका समुदायिक विद्यालयलाई सरकारले श्रेणीकरण गरी बार्षिक एकमूष्ठ अनुदान दिने नीति लिनुपर्छ । विद्यालयलाई आवस्यक पर्ने सम्पूर्ण शिक्षक/कर्मचारीलाई भौतिक सुबिधा, शैक्षिक सामग्री आदिको ब्यवस्थाको जिम्मा व्यवस्थापकहरुको सामुहिक दायित्वमा रहनेछ । यस्ता विद्यालयलाई शैक्षिक सामग्री र घरजग्गा खरिद गर्दा लाग्ने कर शुल्क आदि सबै मिनाहा गर्नुपर्छ । यस्तो विद्यालयको शिक्षक तालिम, भ्रमण, छात्रबृत्ती, भौतिक साधनको विकास र विद्यार्थी कल्याण कोषमा बार्षिक वजेटमा विद्यालयले १५% छुट्याउनु पर्छ भनि सिफारिसमा उल्लेख छ ।

निम्न आय भएका परिवारहरुमा पर्ने  आर्थिक प्रभावलाई कम गर्न छात्रबृत्तीको व्यवस्था गर्नुपर्छ । सार्वजनिक विद्यालयवाट सामुदायिकमा परिणत भएका विद्यालयहरुलाई बढी स्वायत्तता दिनुपर्छ  । सो आयोगको प्रतिवेदनमा भनिएको छ — विद्यालयको शैक्षिक गतिविधिको समय र कार्यपात्रोको निर्धारण वि.व्य.स. आफैले गर्न पाउनेछ  तर विद्यालय संचालनको अवधि राष्ट्रिय स्तरमा निर्धारित कार्यघण्टाको अवधि भन्दा कम हुनुहुदैन ।

के.सी.(२०६५) ले समुदायद्धारा व्यवस्थापन गरिएका प्राथमिक विद्यालयहरुमा स्रोत सङ्कलन र उपयोगको अध्ययन शिर्षकको शोधपत्रको निष्कर्षमा यसरी उल्लेख गरिएको छ — सामुदायिक विद्यालयलाई समुदायद्धारा व्यवस्थापन गर्न दिंदा समुदायको शैक्षिक र आर्थिक पृष्ठभूमिको अध्ययन गरिनु आवस्यक छ । सो नगरी समुदायमा व्यवस्थापन जिम्मा दिनेकाम गर्नु उपयुक्त हुदैन । सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिदा स्थानिय वासिन्दा सथै अभिभावकहरुको चासो बढेको देखिन्छ ता पनि विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिनुमात्र शैक्षिक गुणस्तरको बृद्धिको अचूक उपचार होइन । यसका लागि समुदाय, नेपाल सरकार, शिक्षक र सरोकारवाला सबैको उत्तिकै प्रयास आवश्यक छ ।

समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयलाई आर्थिक रुपमा निर्भर गराउन विद्यालयहरुमा दिगो आर्थिक स्रोत व्यवस्थापन आवश्यक छ । यसका लागि विद्यालयले समुदायको सहभागितामा वैकल्पिक आर्थिक स्रोतको खोजी गर्नु आवश्यक छ । समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयको शैक्षिक तथा आर्थिक पृष्ठभूमि सुधार गर्नका लागि सम्बन्धित समुदायमा अभिभावक सचेतना कार्यक्रम र सीपमूलक तालिमको व्यवस्था गरि अभिभावक आयबृद्धि कार्यक्रम सञ्चालन गरिनु आवश्यक छ ।

डंगोल (२०६१) ले समुदायद्धारा व्यवस्थापन भएका विद्यालयहरुको विगत र वर्तमान अवस्थाको तुलनात्मक अध्ययन-शीर्षकको शोधपत्रको निष्कर्षमा उल्लेख गरे अनुसार- सामुदायिक विद्यालयहरुको व्यवस्थापनलाई समुदायमा हस्तान्तरण गर्नु पूर्व प्र.अ.ले आफूलाई प्रशासकको रुपमा चिनाउने, शिक्षकहरु जागिरे व्यक्तिको रुपमा मात्र काम गर्ने, अभिभावकहरुले विद्यालय शिक्षकको जागिर खाने थलोको रुपमा हेर्ने, वि.व्य.स., शिक्षक र

अभिभावक बीचमा समन्वय हुन नसक्ने, दलिय राजनीति हावी भएको, वि.व्य.स.ले रचनात्मक सहयोग गर्न नसक्ने, समुदायका संलग्नता न्यून तथा गुणत्मक बृद्धि हुन नसकेको जस्ता अवगुणहरु पाइएकाले विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिदै जादा तुलनात्मक रुपमा सुधार भएको पाइन्छ । विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिएपछि पिछडिएका जनजातिका वालवालिका भर्ना हुन आएका , शिक्षक विद्यार्थी औषत उपस्थितिमा बृद्धि, शिक्षक अभिभावकको सम्बन्धमा सुधार, विद्यालय र अभिभावकमा छलफल, अध्ययन अध्यापन सम्बन्धि समस्या समाधानका लागि अन्तरक्रिया , अभिभवक भेलाहुने आयोजना, विद्यालयको आय व्यय पारदर्शी ढङ्गबाट सार्वजनिक, भावी कार्यक्रमको निर्माण जस्ता राम्रा पक्षहरु देखिएका छन् ।

विद्यालयको व्यवस्थापनमा समुदायको सक्रियता र चासोलाई बृद्धि गर्न समुदायलाई बढि जिम्मेवार बनाइनुपर्ने धारणा अनुसार समुदायद्धारा व्यवस्थापन भएका विद्यालयहरु सञ्चालन कार्य निर्देशिका २०५९ लाई प्रभावकारी ढङ्गबाट लागू गरी समुदायद्धारा विद्यालय सञ्चालन गर्ने प्रक्रियालाई सरल ढङ्गबाट सञ्चालन गर्नु पर्ने देखिन्छ । स्थानिय स्रोत र साधनको अधिकतम प्रयोग एवम् जनसहयोगलाई प्रोत्साहित गर्न यो नीति निकै उपयोगी देखिन्छ । विद्यालयको शैक्षिक गुणस्तर बृद्धि एवम् व्यवस्थापनका उपायहरु पहिल्याउने कार्यमा समुदायलाई यस नीतिले प्रोत्साहित गरिरहेको र समुदायमा पुनः विद्यालय प्रति अभिभवकहरुले फर्केर हेर्ने अवस्था सिर्जना भएको हुँदा समुदायद्धारा विद्यालय व्यवस्थापन गर्ने नीतिलाई समयानुकुल दीर्घकालिन सोचको रुपमा स्विकार्नु पर्ने देखिन्छ ।

Per Dalin (1998) को विकेन्द्रिकरण सिद्धान्तलाई यस अध्ययनमा सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ । यस सिद्धान्त अनुसार – विकेन्द्रिकरण भन्नाले केन्द्रमा एकीकृत भएर रहेको अधिकारलाई तल्लो तहसम्म अधिकारको निरुपण गरिनु हो । यसमा नीति निर्माण गर्ने अधिकार पनि स्थानीय स्तरलाई नै प्राप्त हुन जान्छ । यसरी नीति निर्माण गर्ने अधिकार समेत उनीहरुलाई हस्तान्तरण गर्नाले विद्यालयमा सबै पक्षको समुचित व्यवस्थापन हुन गई विद्यालयमा शैक्षिक गुणात्मकता आउछ ।

विकेन्द्रिकरण भन्नाले स्वशासित अधिकारको प्रत्याभूति हो । अधिकारको प्रतिनिधित्व तथा विकेन्द्रिकरण दुई अलग–अलग अवस्था हुन् । अधिकारको प्रतिनिधित्व भनेको माथिल्लो निकायले तल्लो निकायलाई गरेको अधिकारको हस्तान्तरण हो भने विकेन्द्रिकरण निरुपण एउटा कानुनी प्रावधान हो जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुदैन । एउटा निकाय वा अधिकारीले स्वतन्त्र रुपमा कानुनको दायरा भित्र रही निर्णय गर्ने, शैक्षिक योजना निर्माण गरी कार्यान्वयन, अनुगमन, तथा मूल्याङ्कन गर्न पाउँछ । जसले गर्दा तल देखि माथिल्लो तहको कर्मचारीतन्त्रिय पद्धतिको ढिलासुस्ती तथा अन्य झञ्झटहरुबाट स्थानीय निकाय/संस्था उन्मुक्त योजनाको उच्च उपलब्धी स्तर प्राप्त गर्न सक्षम हुन्छ ।

त्यसर्थ विद्यालयको शैक्षिक गुणत्मकतालाई बढाउन विद्यालयका सरोकारवालाहरु, प्र.अ., शिक्षक, वि.व्य.स. अभिभावक संघ, समुदायका अभिभावकहरु बीच एक आपसमा मानवीय सम्बन्ध स्थापना हुनु जरुरी छ । सवै पक्षबीच विद्यालय प्रति सकारात्मक धारणाको विकास गरी विद्यालयमा प्राप्त स्रोतहरुको समुचित रुपमा परिचालन गर्नु पर्ने हुन्छ जसले गर्दा विद्यालयहरुको अपेक्षित उद्देश्य प्राप्त गर्न सकारात्मक सहयोग प्राप्त गरोस । विद्यालयको शैक्षिक गुणस्तर तवमात्र बृद्धि हुन्छ जव अभिभावकहरुले आफ्ना वालवालिकाको पढाई प्रति चासो दिन्छन् , शिक्षकहरुले आफ्नो दायित्व निर्वाबह गर्छन् , प्र.अ.ले विद्यालयको समुचित तवरले रेखदेख गर्दै उचित नेतृत्व प्रदान गर्छन र वि.व्य.स.ले प्रभावकारी व्यवस्थापन गर्न सवै पक्षको सहयोग जुटाउन सफल हुन्छन् । विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यालयका सरोकारवालाहरुका बीचमा मानवीय सम्बन्धको काम गर्छन । यसबाट नै शिक्षण सिकाई क्रियाकलापमा सकारात्मक असर पर्न गई वालवालिका हरुको शैक्षिक उपलब्धिहरुमा अपेक्षित बृद्धि हुन जान्छ ।

### २.२ सैद्धान्तिक खाका

जर्ज इल्टन मायो (१८९०–१८९४) र मेरी पार्कर फोलेट (१८६८–१९३३) द्धारा प्रतिपादित सिद्धान्तहरुले संगठन भित्र हुने विभिन्न व्यवहारलाई जोड दिएको छ । मानव सम्वन्ध भित्रहुने विभिन्न व्यवहारलाई  मानव सम्वन्ध सिद्धान्तले विशेष जोड दिएको छ । मानव सम्बन्ध भन्नाले मानिसलाई मानिस जस्तो व्यवहार गर्नु पर्छ । मानिसलाई संगठनको

वस्तु वा अन्य कुनै सम्पत्ति जस्तो रुपमा लिनु हुदैन । यसको आफ्नो बेग्लै प्रकारको अस्तित्व छ भनि मान्नु पर्छ । मानव सम्बन्ध यस अर्थमा पनि व्यापक छ कि यसले एक व्यक्तिको व्यक्तित्व र अर्को व्यक्तिसँग हुने पारस्परिक सम्बन्ध र सबै सामाजिक विज्ञानहरुको अध्ययन गर्न पनि यसले जोड दिन्छ । यदि सबै व्यक्ति मिलेर उद्देश्यहरु पुरागर्नु छ भने पक्कै पनि एकले अर्कोलाई चिन्नै पर्छ । यस अनुसार मानव सम्बन्ध यस्तो कला हो जो व्यवस्थापकले बुझ्रेरमात्र व्यवहार गर्नु पर्दछ । जसको अनुभव र प्रयोगलाई इन्कार गर्न सकिदैन, त्यसरी नै व्यक्तिगत अन्तर्सम्बन्धका मनोवैज्ञानिक कुराहरुलाई इन्कार गर्न सकिदैन (श्रेष्ठ , २०५८ बाट उद्धृत) ।

सिन्हा (२०६२) ले विकेन्द्रित विद्यालय शासन राखी लेखेको लेखमा यसरी उल्लेख छ - आधुनिक प्रविधिको विकास वढ्दो जनसङ्ख्या शिक्षाको व्यापक प्रचार प्रसार आदिका कारणले गर्दा सरकारले मात्र राज्य सञ्चालनमा हात हाल्यो भने सेवाग्राहीले सरल र सहज ढङ्गले सेवा प्राप्त गर्न नसक्ने धारणाको परीणाम स्वरुप विकेन्द्रिकरणको अवधारणा देखापर्‍यो । सूक्ष्मी-करण, क्षेत्रीयकरण र नगरीकरण आदिको प्रकृया अवलम्वन गरी तीनवटा अवस्थाहरु विकेन्द्रिकरण, प्रत्यायोजन र निरुपणको माध्यमबाट विकेन्द्रिकरण गर्ने प्रचलन विद्यमान छ ।

जनसहभागिता, जनशशक्तिकरण, सुशासन, कानुनीशासन, पारदर्शी कार्यशैली तथा क्रियाशिल जवाफदेहीता नै विकेन्द्रिकरणका सैदान्तिक आधारहरु हुन् । विकेन्द्रिकरण कहिले गर्ने भन्ने सन्दर्भमा तीनवटा क्षेत्रहरु -कानुनी क्षेत्र, कर्मचारीतन्त्रको क्षेत्र र राजनैतिक क्षेत्रले प्रभाव पार्दछ । कार्यमूलक विकेन्द्रिकरण, वित्तीय विकेन्द्रिकरण, प्रशासनिक अधिकार र प्रजातान्त्रिक विकेन्द्रिकरणका पूर्व शर्त हुन् । विकसित राष्ट्रहरुले पनि एउटै प्रकारको शैक्षिक विकेन्द्रिकरण प्रक्रिया अवलम्वन गरेको पाइदैन । अमेरीकाले शिक्षाको व्यवस्थापनमा Site Based Management लाई अवलम्वन गरेको छ भने बेलायतले न त पूर्णरुपले Centralization गरेको छ न त Decentralization नै ।

पराजुली (२०६२) ले नेपालमा विद्यालय शिक्षाका विकेन्द्रिकरण : वर्तमान प्रयास र भावी दिशा शीर्षक राखी लेखेको लेखमा यसरी उल्लेख छ -सफल शिक्षा प्रणलीमा शिक्षा

मन्त्रालय वा विभाग जस्ता केन्द्रिय निकायले स्थानिय तहमा कार्यान्वयन इकाईहरुको कार्य सम्पादन तथा उपलब्धिको लक्ष्य (Goals) र स्तर (Standard) निर्धारण गर्ने तथा तोकिएको स्तर बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दछन् । प्रत्येक विद्यालय तथा स्थानिय निकायलाई आफ्नो क्षेत्रभित्र कार्य गर्न पूर्ण स्वायत्तता प्रदान गरिन्छ जसले गर्दा यी निकायहरु समुदाय अभिभावक र विद्यालय प्रति उत्तरदायी हुन सक्छन् । स्वयत्त विद्यालयमा शिक्षकहरुले आफ्नो पेसागत दक्षता विकास गर्ने अवसर प्राप्त गर्छन् भने अभिभावकले विद्यालय गतिविधि तथा व्यवस्थापनमा सकृय रुपले सहभागी हुन सक्दछन् । विद्यार्थीहरु पनि सिकाईका लागि पूर्ण रुपले तयार हुन्छन् र उनीहरुको सिकाईमा सबै पक्षबाट सहयोग पुग्न सक्छ । यस्तो शिक्षा प्रणालीले विकेन्द्रित प्रणालीमा मात्र सम्भव हुन्छ जहाँ शिक्षा सम्बन्धि निर्णय गर्ने अधिकार तथा जिम्वेवारी स्थानिय निकाय वा विद्यालय तहमा निक्षेपण (Devolution) गरिएको हुन्छ । यस्तो शिक्षा प्रणालीले मात्र गुणस्तरीय शिक्षाका लागि योगदान पुऱ्याउन सक्छ ।

मानव सम्बन्धको घनिष्ठता मानव व्यवहार तथा आचरणमा निर्भर गर्दछ । एउटा व्यक्तिको सोचाई , प्रबृत्ति र व्यवहार अर्को व्यक्तिसँग जसरी प्रस्तुत हुन्छ त्यसमा नै मानव सम्बन्धको रुपरेखा कोरिएको हुन्छ । यसमा मनोवैज्ञानिक व्यक्तिगत गुण र मानवीय तत्वले प्रत्यक्ष प्रभाव परिरहेको हुन्छ । संगठनात्मक व्यवहारमा उसका चाहना र प्रेरणाले समेत मानव सम्बन्ध राम्रो र नराम्रो हुनमा उल्लेखनीय देन दिन सक्छ । यसरी मानव सम्बन्धका विविध आयामलाई मध्यनजर गरेर विद्यालय व्यवस्थापनका हरेक खालका राम्रा र आपसी सम्बन्ध कायम गर्न मानव सम्बन्धले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयको व्यवस्थापन सञ्चालन गर्न समुदायलाई जिम्मा दिने विषयमा सर्वप्रथम उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) को प्रतिवेदनमा उल्लेख गरिएको छ । यस पछि शिक्षा ऐन २०२८ ( सातौं संसोधन २०५८) मा व्यवस्था गरी विद्यालयको ब्यावस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति सरकारले अघि सारेको छ । शिक्षा (आठौं संशोधन) अध्यादेशको दफा ११ मा भनिएको छ – कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानीय निकाय, व्यवस्थापन समिति वा सस्थालाई जिम्मा दिन सकिने छ । त्यसरी ब्यवस्थापन जिम्मा दिइएका

विद्यालयलाई यस ऐनको अधिनमा रही एकमुष्ठ अनुदान दिइने छ । उक्त उच्चस्तरीय आयोगले विकेन्द्रीकरणको अवधारणा अनुरुप नेपाल सरकारले विद्यालयहरु समुदायद्धारा व्यवस्थापन गर्ने नीति अनुरुप प्रकाशमा ल्याइएका विभिन्न ऐन, नियमका साथै कार्यक्रम पुस्तिका तथा शिक्षासँग सम्वन्धित विभिन्न सरोकारवाला व्यक्तिहरुद्धारा प्रकाशित लेख, रचनाहरु समेतलाई अध्ययनको आधार वनाएर तिनैका माध्यमबाट समुदायद्धारा व्यवस्थापन भएका विद्यालयहरुको शैक्षिक उपलब्धिको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

विकेन्द्रिकरण भन्नाले केन्द्रीय स्तरमा मात्र प्रयोग गर्न सकिने अधिकार वाहेक अन्य सबै अधिकार तल्लो तहसम्म सुम्पने सु–व्यवस्थित प्रयासलाई जनाउँछ । (Louis cited 1989 in K.C.2054) यस्तै रबिन्सका अनुसार विकेन्द्रीकरण भन्नाले तलतिर अख्तियारको प्रत्यायोजन के कति मात्रामा गरिएको छ भन्ने जनाउँछ । (Robbins 1985) यसैगरी कुन्टज र वाईरिचको (सन् १९९४) शब्दमा संगठित संरचनामा निर्णय गर्ने अधिकार वितरण गर्ने प्रबृत्ति नै विकेन्द्रिकरण हो । यस्तै डेलविच (सन् १९८५) को भनाई अनुसार विकेन्द्रिकरण भनेको निर्णय लिने अधिकार यथासम्भव काम गर्ने तहसम्म पुर्याउनु हो । ( घिमिरे, २०६२, Robbins 1985 बाट उद्धृत) माथिका परिभाषा अनुसार निर्णय लिने अधिकार व्यवस्थित ढङ्गले समुदायका व्यक्तिहरुलाई सुम्पनु तथा कार्यान्वयनमा समुदायका व्यक्तिहरुलाई प्रत्यक्ष रुपमा संलग्न गराउनु हो भन्ने ठानेको छु । यसर्थ विद्यालयको व्यवस्थापनलाई बुझ्दा विकेन्द्रिकरण भनेको विद्यालयको योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने सम्पूर्ण अधिकार समुदायका व्यक्तिहरुलाई नै दिनु हो ।

शिक्षा नियमावली २०५९ (तेस्रो संसोधन २०६२) को परिच्छेद ५ (क) मा समुदाय द्धारा संचालित विद्यालय व्यवस्थापन सम्बन्धी ब्यवस्था गरिएको छ । यस नियमावलीको परिच्छेद ५ (क) को दफा २२ (क) मा सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन अनुसूचि ११ (क) बमोजिमको ढाँचामा गा.वि.स. नगरपालिका र संस्थाले भए जि.शि.का.मा र जि.वि.स. ले भए क्षे.शि.नि. मा निवेदन दिनु पर्ने व्यवस्था छ । सोहि नियमावलीको दफा २२ (क) को उपदफा ३ मा प्राथमिक विद्यालयको व्यवस्थापनको जिम्मा जि.शि.अ. ले र नि.मा.वि., मा.वि.को हकमा जि.शि.अ.को राय सहित आफूसंग आएको

निवेदन माथि विचार गरी क्षेत्रीय शिक्षा निर्देशकले विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्नेछ ।

समुदायबाट संचालित विद्यालयले नेपाल सरकारवाट शिक्षक तलबभत्ता, संचयकोष दिने व्यवस्था छ । उपदफा (ख) मा सामुदायिक विद्यालय जिम्मा लिदा प्रोत्साहन स्वरुप एक पटक मात्र रु. एक लाख दिने व्यवस्था छ । दफा २२ (ग) मा समुदायद्धारा सञ्चालित वि.व्य.स.को काम कर्तव्य र अधिकार तोकिएको छ । त्यसै गरी दफा २२ (घ) मा समुदायद्धारा सञ्चालन हुने विद्यालयको व्यवस्थापन जिम्मा लिने स्थानीय निकाय वा संथाको काम, कर्तब्य र अधिकार तोकिएको छ । यसका अलवा २२ (ङ) मा सामुदायिक शिक्षकको नियुक्ती सम्बन्धी व्यवस्था गरिएको छ । समुदायद्धारा विद्यालय व्यवस्थापन हुने कार्य निर्देशिका २०५९ जारी भई आ.व. २०५९/०६० देखि नै उल्लेख्य सङ्ख्यामा विद्यालयहरुलाई समुदायद्धारा व्यवस्थापन हुनेगरी जिम्मेवारी हस्तान्तरण हुने कार्य हुदै आएको छ ।

यसरी सो निर्देशिकामा कार्यक्रम ढाँचा तथा विद्यालयका सरोकारवालाहरु र तिनको भूमिका समेत तोकिएको छ । समुदायद्धारा ब्यवस्थापन हुने विद्यालयका सरोकारवालाहरुमा शिक्षा तथा खेलकूद मन्त्रालय केन्द्रिय कार्यक्रम कार्यान्वयन समिति, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, वि.ब्य.स. र विद्यालयलाई उल्लेख्य सहयोग गर्नेहरुको भुमिका समेत स्पष्ट पारिएको छ ।

यस कार्यक्रम अन्तरगत विभिन्न अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था छ । यस अन्तरगत एकमुष्ठ आर्थिक सहयोगका अतिरिक्त प्रा.वि. मात्र स्वीकृति भई नि.मा.स्तर अनुमति लिई संचालित विद्यालयलाई दक्षतामा आधारित आर्थिक अनुदान सहयोग, विद्यालय वाहिर रहेका दलित महिला तथा पिछडिएका जनजातीका वालवालिकालाई विद्यालयमा ल्याई भर्नादर बृद्धि गराए वापत प्रगतिमा आधारित आर्थिक सहयोग र स्वीकृति प्राप्त गरी नेपाल सरकारको अनुदान पाइरहेको विद्यालयको हकमा उपलब्धिस्तर अभिबृद्धि वापत उत्तीर्णदरका आधारमा आर्थिक सहयोग गर्ने कार्यक्रम छ । उपलब्धी कार्यदक्षता एवं प्रतिस्पर्धाका आधारमा छानिएका २५० विद्यालयहरुले आफ्नो सेवाक्षेत्र भित्र शैक्षिक

कार्यक्रममा संलग्न नभएका प्राथमिक उमेर समूहका वालवालिकाहरुलाई विद्यालय भर्ना गराए वापत त्यसरी बढेको विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी रु. ५०० का दरले थप अनुदान दिने व्यवस्था गरिएको छ । निर्देशिकामा ब्यवस्था भएका अन्य कुराहरुमा छात्रबृत्ती, तालिम तथा सचेतना कार्यक्रम, विद्यालय पहुँचको अभिलेख राख्नुपर्ने, अनुगमन तथा मूल्यांकन, समुदाय भेला, परियोजना सल्लाहकार समिति तथा अन्य सहयोग रहेका छन् ।

**२.३ अध्ययनको उपादेयता**

आधुनिक प्रविधिको विकास र बढ्दो जनसङ्ख्या शिक्षाको व्यापक प्रचार प्रसारको कारणले सरकारलेमात्र राज्य सञ्चालनमा हात हाल्यो भने सेवाग्राहीले सहज ढङ्गले सेवा प्राप्त गर्न नसक्ने धारणाको परीणाम स्वरुप विकेन्द्रिकरण अवधारणा देखापऱ्यो । जनसहभागिता, जनशक्तिकरण, सुशासन र कानुनीशासन नै कानुनी विकेन्द्रिकरणका सैद्धान्तिक आधार भएकाले सामुदायिक विद्यालयहरुलाई पनि समुदायमा हस्तान्तरण गर्नु अपरीहार्य भएको छ । विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिनकालागि ऐन, नियम निर्देशिका आदिको व्यवस्था गरी सोहि अनुसार सञ्चालन गर्दा यसको प्रभाव कस्तो रहनपुग्यो र के सुधार गर्नु पर्छ भन्ने वारेमा यस अध्ययनले सघाउ पुऱ्याउने आशा लिएको छु ।

उल्लेखित सन्दर्भहरुको अध्ययन र नेपालमा शुरु भएको शैक्षिक व्यवस्थापनमा विकेन्द्रित प्रयासको प्रारम्भको परिवेशमा मैले यसबाट प्राप्तहुने शैक्षिक उपलब्धिलाई व्यवस्थापनको सैद्धान्तिक अवधारणा भित्र अध्ययनको विश्लेषणका लागि उपादेयता बनाएको छु । विकेन्द्रिकरणको नीति अनुरुप समुदायलाई विद्यालयको व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गरेपछि केन्द्रिय सरकार र स्थानीय सरकार दुवैको संयुक्त सहभागिता कस्तो रहदा विद्यालयलाई लक्ष्य उन्मूख गतिमा अगाडी बढाउन सकिन्छ भन्ने निष्कर्ष निकाल्ने यो अध्ययनको उद्देश्य बनाइएको छ ।

## परिच्छेद ं तीन

### अध्ययन विधि

### ३.१ अनुसन्धानात्मक ढाँचा

यसका लागि नमुना विद्यालयको सहजै देखिने भर्नादर, खुद भर्नादर, औषत सिकाई उपलब्धि, कक्षा दोहोऱ्याउनेदर, शिक्षक विद्यार्थी औषत बार्षिक उपस्थितिदर, आदिसंग सम्वन्धित तथ्याङ्कहरु विद्यालयको अभिलेखवाट संकलन गरिएकाछन् ।

विद्यालय र समुदायविचको सम्बन्ध, शिक्षकहरुले प्राप्त गरेको अनुभव, वि.व्य.स.ले बहन गरेको दायित्व तथा जि.शि.का.ले प्राप्त गर्न सकेको परिणामका बारेमा प्रश्नावलीका माध्यमबाट जि.शि.का., शिक्षक, श्रोतब्यक्ति, वि.व्य.स. अध्यक्षवाट संकलन गरिएका तथ्याङ्कहरु प्रस्तुत गरिएको छ । यसै गरी प्रतिनिधि मूलक पेशागत संस्थाका जिम्मेवार पदाधिकारीहरुसंग प्रश्नावली मार्फत तथ्याङ्क लिने कार्य सम्पन्न भयो ।

### ३.२. तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.२.१ नमुना.जनसङ्ख्या

कुनैपनि विषयमा गरिने अध्ययनका लागि सो विषयसंग सम्बन्धित सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न सम्भव हुदैन । प्रस्तुत विषयको अध्ययन तेह्रथुम जिल्लामा सिमित छ । तेह्रथुम जिल्लामा भएका सरकारी विद्यालयहरु १६२ वटा रहेकाछन् । समुदायमा ब्यवस्थापन हस्तान्तरण भएका १०९ वटा विद्यालयहरु छन् । ब्यवस्थापन हस्तान्तरण भएका मध्ये १०४ वटा प्रा. तह, ४ नि.मा. तह सम्म र १ को प्रा. देखि माध्यमिक तहसम्म ब्यवस्थापन हस्तान्तरण भएको देखिन्छ । ति विद्यालयहरु र सम्बद्ध पक्षहरु सबै यस अध्ययनकालागि जनसङ्ख्याको रुपमा रहने छन् ।

### ३.२.२. नमुनाको आकार

हालसम्म जिल्लामा समुदायद्धारा व्यवस्थापन हस्तान्तरण गरिएका सम्पूर्ण विद्यालयहरुको अध्ययन गर्नु असम्भव हुने भएकोले प्रत्येक तहलाई समेत समेटी १२ वटा विद्यालयलाई छनौट गरिएको छ । विद्यालय छनौट गर्दा भौगोलिक हिसाबले पूर्व, मध्य र पश्चिम क्षेत्रमा विभक्त गरी अध्ययन गर्ने काम गरिएकोछ । छनौट गरिएका प्रत्येक

विद्यालयबाट प्र.अ.१/१ जना, वि.व्य.स. अध्यक्ष १/१ जना र २ जना विद्धत्वर्ग गरी जम्मा २६ जनालाई नमुना जनसङ्ख्याको रुपमा प्रयोग गरिएको छ । यसका अतिरिक्त विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिएपछिको प्रभाव सम्वन्धि धारणा बुझ्न विद्यालय निरीक्षक, स्रोतव्यक्ति र पेसागत संगठनका प्रतिनिधिहरुसँग पनि राय बुझ्ने काम गरिएको छ ।

### ३.२.३. नमुना छनोट प्रक्रिया

अध्ययनले लक्षित गरेको उद्देश्यमा पुग्न अध्ययन स्थलको सहि छनोट हुनुपर्छ । त्यसकारण यस अध्ययनको उद्देश्य अनुसार समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयलाई अध्ययनका लागि छनौट गरिएको छ । छनौटका लागि जि.शि.का.तेह्रथुमबाट समुदायद्धारा व्यवस्थापन भएका विद्यालयहरुको नामावली प्राप्त गरी उद्देश्यमूलक नमुना छनौट प्रक्रियाबाट १२ वटा विद्यालय छनौट गरिएको छ । छनोट भएका विद्यालयहरुको नामावली अनुसुची–७ मा दिइएको छ ।

### ३.२.४. नमुना छनोटको आधार

अध्ययन स्थलको विषयवस्तुको ठूलो एकाईबाट निश्चित सङ्ख्या छनोट गरिनु नमुना छनोट हो । यस अध्ययनले निश्चित विद्यालयको अध्ययन गर्ने भएकाले उद्देश्य मूलक छनोट प्रणालीका रुपमा अङ्गिकार गरेको छ । यस अध्ययनका क्रममा तेह्रथुम जिल्लामा सञ्चालित समुदायमा हस्तान्तरण गरिएका १०९ वटा विद्यालयहरु मध्ये भौगोलिक हिसावले सबै क्षेत्र समेट्ने गरि सुचना सहज ढङ्गले प्राप्त गर्न सक्ने गरी समानुपातिक प्रतिनिधित्वको आधारमा आर्थिक मितव्ययितालाई ध्यान दिई शोध कर्ताको कार्यस्थल पनि विद्यालयनै भएकाले १२ वटा विद्यालयहरुलाई उद्देश्य मूलक छनोटका आधारमा छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरु

विद्यालयको शैक्षिक प्रगतिका सूचकहरुमा देखिएको सकारात्मक परिवर्तनले शैक्षिक प्रगति देखाउछ । विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिनु अघि र जिम्मा लिईसके पछिको अवधिमा उल्लेखित सूचकहरुमा आएको परिवर्तनबाट विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिदा परेको प्रभाव आँकलन गर्न सकिन्छ । यसका लागि विद्यालयका

अभिलेखहरु संकलन गरियो । विद्यालय ब्यवस्थापनसंग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने ब्यक्तिहरुबाट प्रश्नावली मार्फत ब्यावस्थापन हस्तान्तरणबाट पर्ने प्रभाव, समस्या र समाधानका उपायहरु समेत सुझावका रुपमा संकलन गर्ने काम गरियो । तथ्याङ्क संकलन गर्न निम्न अनुसारका प्रक्रियाहरु अपनाइएको छ ।

(क) **प्रश्नावलीहरु** : नमुना छनौटमा परेका विद्यलयका प्र.अ.हरु , वि.व्य.स. अध्यक्षहरु शिक्षाप्रेमी महानुभावहरु पेसागत संगठनका पदाधिकारीहरु , जिल्ला शिक्षा कार्यलय तेह्रथुमका विद्यालय निरिक्षक तथा स्रोतव्यक्तिसँग प्रस्तुत प्रस्तुत गरिएको थियो ।

(ख) **अभिलेख अध्ययन** : नमुना छनौटमा परेका विद्यालयहरुका प्रधानाध्यापकहरु र जिल्ला शिक्षा कार्यालय तेह्रथुमसँग आवश्यक पर्ने तथ्याङ्कहरु मागी अध्ययन गरियो । उक्त कार्यलाई सम्पन्न गर्न निर्माण गरिएका प्रश्नावलीहरु र अभिलेख माग गर्ने ढाँचाका फारामहरु अनुसूचीमा प्रस्तुत गरिएका छन् ।

### ३.४ तथ्याङ्कका स्रोतहरु

कुनै पनि अध्ययनलाई पुरागर्नका लागि भरपर्दो स्रोतहरुको आवश्यकता पर्दछ । यो अध्ययनलाई निष्कर्षमा पुऱ्याउन प्राथमिक स्रोतको रुपमा प्रश्नावलीको प्रयोग गरिएको छ भने द्धितीय स्रोतको रुपमा विद्यालय अभिलेखका साथै जिल्ला शिक्षा कार्यालयको थथ्याङ्क शाखाबाट प्राप्त अभिलेखलाई स्रोतको रुपमा लिईएको छ ।

### ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि विषयको वारेमा गरिने अध्ययन अनुसन्धानबाट निष्कर्षमा पुग्नका लागि तथ्याङ्क आवश्यकीय श्रोत हुन जान्छ । तथ्याङ्कको अभावमा निस्कर्ष निकाल्न तथा समस्याको समाधानका लागि सुझावहरु प्रस्तुत गर्न सकिदैन । प्रस्तुत विषयको निष्कर्षमा पुग्न तथा देखिएका समस्याको समाधानका लागि सुझावहरु प्रस्तुत गर्न परिमाणात्मक र गुणात्मक दुवै प्रक्रियाद्धारा विद्यालयका अभिलेखबाट तथ्याङ्कहरु संकलन गरिएका छन् । शैक्षिक प्रगतिका निम्न सूचकहरुका लागि परिमाणात्मक तथ्याङ्कहरु संकलन गरिएका छन् ।

(क) विद्यार्थी सिकाई उपलब्धि दर

(ख) विद्यालय छाड्ने दर

(ग) विद्यार्थी भर्ना दर

(घ) प्राथमिक तह पुरा गर्ने दर

(ङ) कक्षा दोहोऱ्याउने दर

(च) शिक्षक विद्यार्थी औषत उपस्थिति दर

(छ) भौतिक सुविधाहरु

प्राथमिक तथ्याङ्क सङ्कलन गर्दा नमुना छनौटमा परेका १२ वटा विद्यालयहरुका प्रधानाध्यापकहरु १२ जना, वि.व्य.स. अध्यक्ष १२ जना र विद्धत वर्ग २ जनासँग प्रश्नावलीहरु पठाईएको थियो । द्धितीय तथ्याङ्कका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरु र जिल्ला शिक्षा कार्यालय मार्फत विद्यालयको अभिलेख लिइनुका साथै वि.नि., स्रोतव्यक्ति पेसागत संगठनका पदाधिकारीहरुसँग पनि राय संकलन गर्नेकाम गरिएको थियो ।

# परिच्छेद चार

## तथ्याङ्कको प्रस्तुति र विश्लेषण

शैक्षिक प्रगतिलाई देखाउने सूचकको आधारमा विद्यालयको शैक्षिक प्रगतिबारे थाहा पाउन सकिन्छ । विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिनु पूर्व अन्तिम १ वर्षको शैक्षिक प्रगतिका सूचाङ्कहरु र विद्यलयको व्यवस्थापन समुदायले जिम्मा लिईसकेपछिको प्रथम एक वर्षको सूचाङ्कका तथ्याङ्कहरु यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । उक्त समयावधि बीचमा शैक्षिक प्रगतिका सूचाङ्कहरुमा देखिएका परिवर्तनका आधारमा विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिंदा पर्ने प्रभावहरुको आँकलन गर्न सकिन्छ । यसका लागि शैक्षिक प्रगतिका तथ्याङ्कहरु प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलनका प्रमुख स्रोतहरु विद्यालय अभिलेख तथा प्रश्नावली रहेका छन् ।

### ४.१ समुदायद्धारा व्यवस्थापन जिम्मा लिईसकेपछिको विद्यालयको शैक्षिक अवस्था

समुदायद्धारा व्यवस्थापन जिम्मा लिईसकपछिको विद्यालयको शैक्षिक व्यवस्थापनलाई अध्ययन गर्नको लागि विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिनु पूर्वको शैक्षिक अवस्था र व्यवस्थापन जिम्मा लिएपछिको शैक्षिक अवस्थाको अध्ययन गर्न छुट्टा छुट्टै तथ्याङ्कहरुलाई प्रस्तुत गरिएको छ ।

### ४.१.१ विद्यालयको व्यवस्थापन समुदायले जिम्मा नलिंदाको अवस्था

विद्यालयको व्यवस्थापनलाई समुदायले जिम्मा लिनु पूर्वको अवस्थालाई अध्ययन गर्न अन्तिम १ वर्षको नमुना छनौटमा परेका प्रत्येक विद्यालयहरुको सहजै देखिने भर्नादर, खुद भर्नादर, कक्षा छाड्ने र दोहोऱ्याउनेदर, प्राथमिक तह पुरा गर्नेदर र शिक्षक तथा विद्यार्थीको औषत उपस्थितिदरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १

| विद्यालयको नाम | समुदायद्धारा व्यवस्थापन भएको मिति | सहजै देखिने भर्नादर | खुद भर्नादर | कक्षा छाड्नेदर | कक्षा दोहोऱ्याउने दर | प्राथमिक तह पुरागर्ने दर | विद्यार्थीको औषत उपस्थिति % | शिक्षकको औषत उपस्थिति% |
|---|---|---|---|---|---|---|---|---|
| श्री त्रिमोहन उ.मा.वि. सक्रान्ती | २०६०.०८.०९ | ११८ | ५८ | २.५ | १४.५ | ६० | ७२ | ९२ |
| श्री सरस्वती नि.मा.वि. छातेढङ्गा | २०६२.०१.०७ | १३५ | ६१ | ७ | ११ | ६३ | ६३.५ | ८६.३ |
| श्री हंसवाहिनी प्रा.वि. चुहानडाँडा | २०६२.०१.०७ | १२७ | ५६ | ९ | १३ | ७९ | ५७.४ | ८८.३ |
| श्री कालिका प्रा.वि. सिम्ले | २०६४.०२.२१ | १४० | ७२ | ५ | १५ | ८० | ७० | ९० |
| श्री जनज्योति उ.मा.वि. सिम्ले | २०६४.०२.३१ | १४५ | ५९ | ८ | १७ | ७८.५ | ६९.८ | ८८.४ |
| श्री शारदा प्रा.वि.पौठाक | २०६५.०३.१६ | ११५ | ५५ | २० | १५ | ८५ | ८० | ८५ |
| श्री कृष्ण मा.वि. सुङ्नाम | २०६१.१०.१९ | १३३ | ८८ | १५ | १६.५ | ६४ | ६५.३ | ७७.४३ |
| श्री जनता प्रा. वि. फूलेक | २०६०.०८.१२ | ११४ | ६३ | १३ | १९ | ६९ | ६१.३४ | ७६.३५ |
| श्री तीनजुरे नि.मा.वि.फिर्के | २०६१.०७.२४ | १२५ | ९८ | ११.५ | १५.६ | ६१.४१ | ५२ | ६९ |
| श्री सरस्वती नि.मा.वि.सुर्के | २०६१.१२.२२ | ११५ | ६४ | ८.६ | १४.४ | ७७.५२ | ७४.५ | ८९.५ |
| श्री जलकन्या प्रा.वि.फाक्चामारा | २०६०.१०.२२ | ११३ | ५१ | १२.३ | १८.३ | ६३.५७ | ५७.२ | ८६.९ |
| श्री जलकन्याप्रा.वि.खोल्टी, जलजले | २०६०.०८.०८ | १२८ | ५४ | ७.५ | ११.६ | ५१.३२ | ६६.७६ | ८३.४ |
| औषत | | १२५.६६ | ६४.९१ | १०.२८ | १६.३२ | ६९.३६ | ६५.८१ | ८४.३८ |

स्रोत : विद्यालय अभिलेख २०६६

शैक्षिक प्रगतिलाई देखाउने सूचकको आधारमा विद्यालयको शैक्षिक प्रगतिवारे थाहा पाउन सकिन्छ । विद्यालयको ब्यवस्थापन समुदायले जिम्मा लिनु पूर्व अन्तिम १ बर्षको शैक्षिक प्रगतिको सुचाङ्कहरु र विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिईसके पछिको प्रथम १ बर्षको शैक्षिक प्रगतिका सुचाङ्कहरु यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । उक्त समयावधि बीचमा शैक्षिक प्रगतिका सूचाङ्कहरुमा देखिएको परिवर्तनका आधारमा विद्यालयको ब्यवस्थापन समुदायलाई जिम्मा दिंदा पर्ने प्रभावहरुको आँकलन गर्न सकिन्छ । यसका लागि दफा ३.५मा उल्लेखित शैक्षिक प्रगतिका सूचकहरुको तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलनका प्रमुख श्रोतहरु विद्यालय अभिलेख तथा प्रश्नावली रहेका छन् ।

प्रस्तुत तालिकामा विद्यार्थीहरुको सहजै देखिने भर्नादर र खुद देखिने भर्ना दरको तथ्याङ्क प्रस्तुत गरिएको छ । यसमा विद्यालयको व्यवस्थापन समुदायद्धारा भइसके पछिको प्रथम एक बर्षको तथ्याङ्क उल्लेख गरिएको छ । तथ्याङ्क अनुसार १२ वटा विद्यालयहरुमध्ये प्राय जसो सबै विद्यालयहरुको सहजै देखिने भर्ना दर र खुद भर्ना दरमा कमी आएको देखिन्छ । विद्यालयको व्यवस्थापन समुदायद्धारा सञ्चालन गर्नु भन्द पूर्वको अन्तिम १ बर्षको सहजै देखिने भर्ना दर १३४.४१% र खुद भर्ना दर ६४.९१% देखिन्छ भने व्यवस्थापन समुदायद्धारा सञ्चालन गरेको प्रथम १ बर्षको सहजै देखिने भर्ना दर १०८.४१% र खुद भर्ना दर ७१.२५% देखिन्छ । यस तथ्याङ्कबाट के देखिन्छ भने सहजै देखिने भर्ना दर २६% र खुद भर्ना दर ६.३४% ले बढेको छ । विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिदा अभिभावक तथा सरोकारवालामा जिम्मेवारीको वोधभई विद्यालयको शैक्षिक विकासमा टेवा पुग्न गई सवै वालवालिकालाई शिक्षाको पहूँचमा सुनिश्चितता हुन पुग्छ ।

### ४.१.२ विद्यालयको व्यवस्थापन जिम्मा लिंदाको अवस्था

**विद्यालयको व्यवस्थापनलाई समुदायले जिम्मा लिएपछिको प्रथम १ वर्षको नमुना छनौटमा परेका १२ वटै विद्यालयका माथिका जस्तै सूचकहरुलाई तलको तालिका २ मा प्रस्तुत गरिएको छ ।**

तालिका २

| विद्यालयको नाम | समुदायद्धारा व्यवस्थापन भएको मिति | सहजै देखिने भर्नादर | खुद भना र्दर | कक्षा छाड्नेदर | कक्षा दोहोऱ्याउने दर | प्राथमिक तह पुरागर्ने दर | विद्यार्थीको औषत उपस्थिति % | शिक्षकको औषत उपस्थिति% |
|---|---|---|---|---|---|---|---|---|
| श्री त्रिमोहन उ.मा.वि. सकान्ती | २०६०.०८.०९ | ९२ | ७४ | ५.५ | ११.३ | ६६.४३ | ७३.३ | ९२.५ |
| श्री सरस्वती नि.मा.वि. छातेढङ्गा | २०६२.०१.०७ | ९८ | ७१ | ६.३ | ८.४ | ६४.३७ | ६५.८ | ८८.४ |
| श्री हंसवाहिनी प्रा.वि. चुहानडाँडा | २०६२.०१.०७ | ९३ | ६८ | ८ | ९ | ८१.४ | ५७.९३ | ९१.२ |
| श्री कालिका प्रा.वि. सिम्ले | २०६४.०२.२१ | १२० | ८५ | ५ | १० | ८५ | ९५ | ९७ |
| श्री जनज्योति उ.मा.वि. सिम्ले | २०६४.०२.३१ | ११२ | ६८ | ६ | १५ | ८३.७ | ७१.२ | ८५.३ |
| श्री शारदा प्रा.वि.पौठाक | २०६५.०३.१६ | ९५ | ७५ | १० | ८ | ८८ | ८५ | ९५ |
| श्री कृष्ण मा.वि. सुड्नाम | २०६१.१०.१९ | १२३ | ९१ | १५.५ | १७.४ | ६५.४ | ६८.७ | ७८.७ |
| श्री जनता प्रा. वि. फूलेक | २०६०.०८.१२ | १०८ | ६४ | ११ | १५ | ७१ | ६२.३२ | ७७.३६ |
| श्री तीनजुरे नि.मा.वि.फिर्के | २०६१.०७.२४ | ११७ | ८६ | १०.३ | १५.३ | ७३.५३ | ५५.०४ | ७१.८ |
| श्री सरस्वती नि.मा.वि.सुर्के | २०६१.१२.२२ | १०८ | ६५ | ७.४ | १०.१ | ७९.१ | ७५.१ | ९०.४ |
| श्री जलकन्या प्रा.वि.फाक्चामारा | २०६०.१०.२२ | ११० | ५३ | १२.१ | १९.४ | ६७.३४ | ५९.४ | ७०.५ |
| श्रीजलकन्याप्रा.वि.खोल्टी, जलजले | २०६०.०८.०८ | १२५ | ५५ | ८.३ | १० | ५२.७ | ६५.२ | ८२.१ |
| औषत | | १०८.४१ | ७१.२५ | ८.७८ | १२.४० | ७३.१६ | ६९.४९ | ८५.०२ |

स्रोत : विद्यालय अभिलेख २०६६

शैक्षिक प्रगतिलाई देखाउने सूचकको आधारमा विद्यालयको शैक्षिक प्रगतिबारे थाहा पाउन सकिन्छ । विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिनु पूर्वको अन्तिम १ वर्षको शैक्षिक प्रगतिका सूचाङ्कहरु र विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिइ सकेपछिको प्रथम १ वर्षको शैक्षिक प्रगतिका सूचाङ्कहरु यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । उक्त समयावधि विचमा शैक्षिक प्रगतिका सूचाङ्कहरुमा देखाएका परीवर्तनका आधारमा विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिंदा पर्ने प्रभावहरुको आँकलन गर्न सकिन्छ । यसका लागि दफा ३.५मा उल्लेखित शैक्षिक प्रगतिका सूचाङ्कहरु को तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनका प्रमुख स्रोतहरु विद्यालय अभिलेख रहेका छन् ।

प्रस्तुत तालिकामा विद्यार्थीहरुको सहजै देखिने भर्नादर र खुद भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउनेदर, प्राथमिक तह पुरा गर्ने दर र शिक्षक तथा विद्यार्थीहरुको औषत उपस्थितिलाई विद्यालयको व्यवस्थापन समुदायमा जिम्मा दिंदा र नदिदाको अवस्थालाई तुलना गर्न प्रस्तुत गरिएको छ । नमुना छनौटमा परेका १२ वटा विद्यालयको तथ्याङ्क विश्लेषण गर्दा उल्लेखित सूचाङ्कमा बृद्धि भएको पाईन्छ । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्नु पूर्वको सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः १२५.६६% र ६४.९१% देखिन्छ भने व्यवस्थापन जिम्मा दिई सके पछिको १ वर्षको सहजै देखिने भर्नादर १०८.४१% र खुद भर्नादर ७१.२५% छ । विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरुले कक्षा छाड्ने र कक्षा दोहोऱ्याउनेदरको आँकडा हेर्दा विद्यालयको व्यवस्थपन जिम्मा लिनु पूर्व क्रमश : १०.२८% र १६.३२% भएकोमा व्यवस्थापन जिम्मा लिईसके पछि कक्षा छाड्नेदर ८.७८% र कक्षा दोहोऱ्याउनेदर १२.४०% देखिन्छ । त्यसै गरी व्यवस्थापन जिम्मा लिनु पूर्व प्राथमिक तह पुरागर्ने दर ६९.३६% र व्यवस्थापन जिम्मा लिईसकेपछिको प्राथमिक तह पुरा गर्ने दर ७३.१६% छ । विद्यालयको व्यवस्थापन जिम्मा लिनु पूर्व विद्यार्थी र शिक्षकको औषत उपस्थिति क्रमश : ६५.८१% र ८४.३८% छ भने व्यवस्थापन समुदायले जिम्मा लिईसकेपछिको औषत उपस्थिति विद्यार्थीको ६९.४९% र शिक्षकको ८५.०२% देखिन्छ ।

**विद्यालयको भौतिक अवस्था**

विद्यालयको भौतिक अवस्थाको तुलना गर्न छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरुलाई प्रश्नावलीको माध्यमबाट जानकारी लिने काम भएको छ । यसमा विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिनु पूर्व र व्यवस्थापनलाई समुदायमा जिम्मा दिइसकेपछिको भौतिक अवस्थामा आएको परीवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३

**भौतिक सुबिधाहरु**

| विद्यालयको नाम | समुदायद्धारा व्यवस्थापन हुनु पूर्बको अन्तिम बर्षसम्म | समुदायद्धारा व्यवस्थापन भएपछिको प्रथम बर्ष | कै. |
|---|---|---|---|
| श्री त्रिमोहन उ.मा.वि. सकान्ती | (क) जग्गा करिव ५० रोपनी,खेल मैदान, चर्पी, पुस्तकालय, खानेपानी भएको | पूर्वकै अवस्था | |
| | (ख) भवन पर्याप्त भएको | पूर्वकै अवस्था | |
| | (ग) शैक्षिक सामग्रीहरु भएको | केही थप | |
| | (घ) घेरावारा नभएको | पूर्वकै अवस्था | |
| श्री सरस्वती नि.मा.वि. छातेढुङ्गा | (क) करीब १० रोपनी, खेल मैदान सामान्य, चर्पी भएको, खानेपानी नभएको | खानेपानीको व्यवस्था भएको | |
| | (ख) भवन पर्याप्त नभएको | पर्याप्त भएको | |
| | (ग) शैक्षिक सामग्रीहरु केही भएको | केही थप भएको | |
| | (घ) घेरावारा नभएको | पूर्वकै अवस्था | |

| | | | |
|---|---|---|---|
| श्री हंसवाहिनी प्रा.वि. चुहानडाँडा | (क) जग्गा करिब ३ रोपनी, खेलमैदान सामान्य, चर्पी, खानेपानी भएको, फर्निचर अपर्याप्त | फर्निचर पर्याप्त भएको | |
| | (ख) शैक्षिक सामग्री सामान्य | केही थप भएको | |
| | (ग) भवन धुलो भएको | प्लाष्टर भएको | |
| | (घ) घेरावारा नभएको | पूर्वकै अवस्था | |
| श्री कालिका प्रा.वि. सिम्ले | जग्गा २ रोपनी, खेल मैदान भएको, चर्पी सामान्य, पुस्तकालय सामान्य | पूर्वकै अवस्था | |
| | (ख) शैक्षिक सामाग्री सामान्य | केही थप भएको | |
| | (ग) फर्निचर सामान्य | फर्निचर स्तरीय | |
| | (घ) भवन पर्याप्त तर प्लाष्टर नभएको, घेराबारा नभएको | कोठा प्लाष्टर भएको,घेराबार भएको | |
| श्री जनज्योति उ.मा.वि. सिम्ले | (क) जग्गा करीव ४२ रोपनी, भवन अपर्याप्त,खेल मैदान भएको,खानेपानी सामान्य, चर्पी सामान्य, पुस्तकालय सामान्य | चर्पी ब्यवस्थित, खानेपानीमा सुधार, कक्षाकोठा पर्याप्त र प्लाष्टर भएको | |
| | (ख) शैक्षिक सामग्री सामान्य, फर्निचरको कमि | शैक्षिक सामग्री केही थप भएको | |
| | (ग) घेराबार भएको | पूर्वकै अवस्था | |
| | (घ) खेलकुद सामग्री सामान्य | केहि थप भएको | |
| श्री शारदा प्रा.वि.पौठाक | (क) जग्गा करीव ५.५ रोपनी, भवन३ वटा, खानेपानी सामान्य,खेलमैदान नभएको | ३ रोपनी थप गरीएको | |
| | (ख) शैक्षिक सामग्री सामान्य, फर्निचरको कमि | केही थप भएको | |
| | (ग) घेरावारा नभएको | पूर्वकै अवस्था | |
| | (घ) खेलकुद सामग्री नभएको | केही खरिद भएको | |

| | | | |
|---|---|---|---|
| श्री कृष्ण मा.वि. सुङ्नाम | (क) जग्गा १– ८–० रोपनी, भवन ३ वटा, खानेपानी अपर्याप्त | पूर्वकै अवस्था | |
| | (ख) शैक्षिक सामाग्री सामान्य | पूर्वकै अवस्था | |
| | (ग) फर्निचर अपर्याप्त, खेलकुद सामाग्री सामान्य | फर्निचर थप गरिएको | |
| | (घ) घेरावारा नभएको | पूर्वकै अवस्था | |
| श्री जनता प्रा. वि. फुलेक | (क) जग्गा करीव २ रोपनी, भवन पर्याप्त, खानेपानी सामान्य,खेलमैदान नभएको | पूर्वकै अवस्था | |
| | (ख) फर्निचर अपुग, शैक्षिक सामग्री सामान्य | फनिचर थप गरिएको | |
| | (ग) खेलकुद सामग्री नभएको | केही खरिद भएको | |
| | (घ) घेरावारा नभएको | पूर्वकै अवस्था | |
| श्री तीनजुरे नि.मा.वि.फिर्के | (क) जग्गा करीव २ रोपनी, भवन पर्याप्त, खानेपानी पर्याप्त | पूर्वकै अवस्था | |
| | (ख) शैक्षिक सामग्री सामान्य, फर्निचर सामान्य | केही थप भएको | |
| | (ग) पुस्तकालय ब्यवस्था नभएको, घेरावारा नभएको | सामान्य व्यवस्था गरीएको | |
| | (घ) खेलमैदान अपर्याप्त, खेलकुद सामग्री सामान्य | पूर्वकै अवस्था | |
| श्री सरस्वती नि.मा.वि.सुके | (क) एक भवन सहित ३ ब्लक, खानेपानी भएको,खेलमैदान चर्पी भएको | पूर्वकै अवस्था | |
| | (ख) शैक्षिक सामग्री, खेलकुद सामग्री केहि भएको | केही थप गर्नु पर्ने | |
| | (ग)पुस्तकालयको व्यवस्था सामान्य | पूर्वकै अवस्था | |
| | (घ) घेरावारा नभएको | पूर्वकै अवस्था | |

| | | | |
|---|---|---|---|
| श्रीजलकन्या,।.वि.फाक्चामारा | (क) एक भवन र खेलमैदान भएको | पूर्वकै अवस्था | |
| | (ख) शैक्षिक सामग्री, खेलकुद सामग्री अपर्याप्त | केही थप | |
| | (ग) फनिचर १९ जोडी | केही थप | |
| | (घ) घेरावारा, खानेपानी नभएको | पूर्वकै अवस्थामा | |
| श्री जलकन्या प्रा.वि.खोल्टी, जलजले | (क) जग्गा करीव २ रोपनी, भवन सामान्य | भवन थप गरिएको | |
| | (ख) फर्निचर अपर्याप्त | केहीथप गरिएको | |
| | (ग) शैक्षिक सामग्री नभएको, खेलमैदान सामान्य, खेलकुद सामग्री केही भएको | पूर्वकै अवस्था | |
| | (घ) घेरावारा नभएको | पूर्वकै अवस्था | |

स्रोत : विद्यालय अभिलेख २०६६

भौतिक सुबिधा अन्तरगत धेरै जसो विद्यालयमा पूर्बकै अबस्था रहेको पाइयो । विद्यालययको व्यवस्थापन समुदायद्धारा सञ्चालन भए पछि कक्षाकोठा थप, फर्निचर थप निर्माण गरिएको पाइयो । एउटा विद्यालयमात्र ब्यवस्थापन समुदायमा गए पछि खानेपानी र चर्पीको निर्माण भएको पाइयो खेलकुद र पुस्तकालयमा ध्यान दिइएको पाइएन । विद्यालयको व्यवस्थापनलाई समुदायमा हस्तान्तरण गर्दा शैक्षिक पक्ष मात्र नभई भौतिक पक्षको पनि प्रायजसो सुधार भएको पाइन्छ ।

### ४.१.३ विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिंदा र नदिंदाको अवस्थाको विश्लेषण

विद्यालयको शैक्षिक व्यवस्थापनको विश्लेषण गर्न माथी उल्लेखित सूचकहरुका साथै भौतिक अवस्थाको पनि आँकलन गर्नु पर्नेहुन्छ । विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिंदा शिक्षक तथा अभिभावकमा अपन्त्वको भावना विकास भई शिक्षामा सुधार आउन सक्छ । विकेन्द्रिकरणको भावना अनुरुप विद्यालयलाई शैक्षिक प्रगतिका लागि कार्य गर्न पूर्ण स्वतन्त्रता दिइएको खण्डमा सबै सेवाग्राही प्रति विद्यालय उत्तरदायी हुन सक्छ । शिक्षकहरु पेसाप्रति

उत्तरदायी, विद्यार्थी सिकाईमा जागरुक र अभिभावकहरु विद्यालयको गतिविधिमा सक्रिय रुपले सहभागी बन्न सक्छन् । यस्तो विकेन्द्रित शिक्षा प्रणाली दिने शिक्षा गुणस्तरीय हुन सक्छ । विद्यालयको व्यवस्थापन सम्बन्धमा विभिन्न शोध-पत्रले दिएको निष्कर्ष पनि यही हो । माथीका तालिकालाई तुलना गर्दा प्रायः सबै सूचकहरुमा सुधार भएको पाइन्छ । यसबाट के बुझ्न सकिन्छ भने विकेन्द्रिकरणको मर्म अनुसार व्यवस्थापनलाई समुदायमा जिम्मा दिंदा विद्यालयको शैक्षिक/भौतिक सबै पक्षमा सुधार भएको पाइयो । त्यसर्थ विद्यालयको व्यवस्थापनलाई समुदायमा हस्तान्तरण गर्दा सकारात्मक प्रभाव परेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.२ विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था

सिकाइ उपलब्धि भनेको कुनै कक्षाको प्रत्येक विषयमा विद्यार्थीले प्राप्त गरेको औषत प्राप्तङ्कलाई जनाउछ । विद्यालयको व्यवस्थापनलाई समुदायमा हस्तानतरण गर्नु पूर्वको अन्तिम एक वर्षको र व्यवस्थापनलाई समुदायमा हस्तान्तरण भएपछिको प्रथम एक वर्षको विद्यार्थी तथा शिक्षकको औषत उपस्थिति र सिकाइ उपलब्धिलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.२.१ विद्यालयको व्यवस्थापनलाई समुदायले जिम्मा नलिदाको अवस्थाको औषत सिकाइ उपलब्धि र विद्यार्थी तथा शिक्षकको उपस्थिति

तालिका ४

| विद्यालयको नाम | औषत सिकाइ उपलब्धि % | विद्यार्थीको औषत सिकाइ उपलब्धि % | शिक्षकको औषत उपस्थिति % |
|---|---|---|---|
| श्री त्रिमोहन उ.मा.वि. सकान्ती | ४१.५२ | ७२.०० | ९२.०० |
| श्री सरस्वती नि.मा.वि. छातेढङ्गा | ४५.१० | ६३.५० | ८६.३० |
| श्री हंसवाहिनी प्रा.वि. चुहानडाँडा | ४६.३४ | ५७.४० | ८८.३० |
| श्री कालिका प्रा.वि. सिम्ले | ५५.०० | ७०.०० | ९०.०० |
| श्री जनज्योति उ.मा.वि. सिम्ले | ४४.५३ | ६९.८० | ८८.४० |
| श्री शारदा प्रा.वि.पौठाक | ४७.०० | ८०.०० | ८५.०० |
| श्री कृष्ण मा.वि. सुङ्नाम | ४३.०० | ६५.३० | ७७.४३ |
| श्री जनता प्रा. वि. फूलेक | ४४.२० | ६१.३४ | ७६.३५ |
| श्री तीनजुरे नि.मा.वि.फिर्के | ४५.०० | ५२.०० | ६९.०० |
| श्री सरस्वती नि.मा.वि.सुर्के | ५२.०० | ७४.५० | ८९.५० |
| श्री जलकन्या प्रा.वि.फाक्चामारा | ४९.०० | ५७.२० | ८६.९० |
| श्री जलकन्या प्रा.वि.खोल्टी, जलजले | ४०.५० | ६६.७० | ८३.४० |
| औषत | ४६.०९ | ६५.८१ | ८४.३८ |

स्रोत : विद्यालय अभिलेख २०६६

माथिको तथ्याङ्कले के देखाउछ भने धेरै जसो विद्यालयको औषत सिकाइ उपलब्धि ४५% को हाराहारीमा छ । २ वटा विद्यालयको मात्र ५०% भन्दा माथी देखिन्छ । नमुना छनौटमा परेका सम्पूर्ण विद्यालयको औषत सिकाइ उपलब्धि ४६.०९% हुन आउछ । त्यसै गरी विद्यार्थीको औषत उपस्थिति ६५.८१% र शिक्षकको औषत उपस्थिति ८४.३८% देखिन्छ ।

### ४.२.२ विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछिको औषत सिकाइ उपलब्धि तथा विद्यार्थी र शिक्षकको औषत उपस्थिति

तालिका ५

| विद्यालयको नाम | औषत सिकाइ उपलब्धि % | विद्यार्थीको औषत सिकाइ उपस्थिति % | शिक्षकको औषत उपस्थिति % |
|---|---|---|---|
| श्री त्रिमोहन उ.मा.वि. सकान्ती | ४३.४४ | ७३.३० | ९२.५० |
| श्री सरस्वती नि.मा.वि. छातेढङ्गा | ४६.३२ | ६५.८० | ८८.४० |
| श्री हंसवाहिनी प्रा.वि. चुहानडाँडा | ४६.७५ | ५७.९३ | ९१.२० |
| श्री कालिका प्रा.वि. सिम्ले | ५९.०० | ९५.०० | ९७.०० |
| श्री जनज्योति उ.मा.वि. सिम्ले | ४७.३० | ७१.२० | ८५.३० |
| श्री शारदा प्रा.वि.पौठाक | ५१.२० | ८५.०० | ९५.०० |
| श्री कृष्ण मा.वि. सुङ्नाम | ४६.१० | ६८.७० | ७८.७० |
| श्री जनता प्रा. वि. फूलेक | ४५.३० | ६२.३२ | ७७.३६ |
| श्री तीनजुरे नि.मा.वि.फिर्के | ४६्७८ | ५५.०४ | ७१.८० |
| श्री सरस्वती नि.मा.वि.सुर्के | ५२.३७ | ७५.१० | ९०.४० |
| श्री जलकन्या प्रा.वि.फाक्चामारा | ५१.२० | ५९.४० | ७०.५० |
| श्री जलकन्या प्रा.वि.खोल्टी, जलजले | ४१.८० | ६५.२० | ८२.१० |
| औषत | ४८.१३ | ६९.४९ | ८५.०२ |

स्रोत : विद्यालय अभिलेख २०६६

माथीको तथ्याङ्कलाई हेर्दा विद्यार्थीको औषत सिकाइ उपलब्धि, विद्यार्थी र शिक्षकको औषत उपस्थिति दरमा सुधारोन्मूख देखिन्छ। विद्यार्थीको सिकाइ उपलब्धि ४५% भन्दा कम हुने विद्यालयहरु २ वटा मात्र छन् भने ४ वटा विद्यालयहरु ५०% भन्दा माथी गएको अवस्थामा देखिन्छ। नमुना छनौटमा परेका १२ वटै विद्यालयको औषत सिकाइ उपलब्धि पनि ४८.१३ % मा पुगेको पाइन्छ भने विद्यार्थीको औषत उपस्थिति ६४.४९ % र शिक्षकको औषत उपस्थिति ८५.०२ % छ।

### ४.२.३ विद्यालयको व्यवस्थापनलाई समुदायले जिम्मा नलिदा र जिम्मा लिए पछिको अवस्थाको विश्लेषण

शिक्षकको समग्र अधिकार र जिम्वेवारीलाई स्थानीय निकाय एवम् समुदायमा जिम्मा दिई शिक्षाका सरोकारवालाहरुको सार्थक सहभागिता सुनिस्चित गरी शैक्षिक सेवा प्रवाहमा सहज पहुँच पुऱ्याई स्थानिय आवश्यकता वमोजिमको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु शैक्षिक विकेन्द्रिकरणको मूलमर्म हो । यसका निमित्त केन्द्रीय निकाय एकलकर्ता हो भन्ने भावनामा सिमित नरही स्थानिय निकाय तथा समुदायमा विद्यालय प्रति अपनत्वको भावना जागृत गराउनु अपरिहार्य हुन आउछ । सरोकारवालामा विद्यालय प्रतिको जवाफदेहीताको भावनामा विकास गर्न सकेको खण्डमा सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन आउन सक्छ । माथिका औषत सिकाइ उपलब्धिमा आएको परिवर्तनले यहि कुरालाई पुष्टि गर्दछ । विद्यार्थी र शिक्षकको उपस्थितिमा आएको सुधारले सिकाइ उपलब्धिमा स्वतः प्रभाव पार्दछ ।

### ४.३ समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयको समुदायसँगको सम्बन्ध

शैक्षिक संस्थाको प्रगतिका लागि सरोकारवालाको सक्रिय सहभागिता जरुरी हुन्छ । समुदायलाई सक्रिय बनाउन अपनत्वको भावना जागृत गराउन सक्नुपर्छ । त्यसका लागि अधिकार र कर्तव्यको परिपालना अपरिहार्य हुन आउछ । विकेन्द्रिकरणको भावना अनुरुप विद्यालयको व्यवस्थापनलाई समुदायमा जिम्मा दिंदा अभिभावकको सक्रियता कस्तो रहेको छ भनि विश्लेषण गर्न । विद्यालयको ब्यवस्थापन समुदायलाई जिम्मा दिंदा के कस्ता प्रभावहरु देखिएका छन् ? भन्ने विषयमा प्राथमिक तथ्याङ्कहरुमात्रै पर्याप्त हुदैनन् । यसका लागि तथ्याङ्क संकलनका द्धितीय स्रोतहरुको प्रयोग हुनु आवश्यक हुन्छ । यसका लागि जिल्ला शिक्षा कर्यालयको विद्यालय निरीक्षकहरु, श्रोतब्यक्तिहरु, शिक्षाप्रेमी महानुभावहरु, शिक्षकका पेशाागत संगठनका पदाधिकारीहरु , वि. व्य.स.का अध्यक्षहरु, प्र.अ.हरु समक्ष प्रश्नावली प्रस्तुत गरी तथ्याङ्क संकलन गर्ने कार्य भयो । यस कममा शिक्षाप्रेमी महानुभाव तथा शिक्षकका पेशागत संगठनका पदाधिकारीका लागि खुल्ला प्रश्नावली र विद्यालय श्रोतब्यक्ति, प्र.अ.र वि.व्य.स. अध्यक्षका लागि बन्द र खुल्ला गरी दुवै प्रकारका प्रश्नावली प्रस्तुत गरियो । प्रश्नावलीका नमुनाहरु तलका तालिकासँग सम्बन्धित गरी अनुसूचीमा दिइएको छ ।

तालिका ६

**जिल्ला शिक्षा कार्यालयका २ जना श्रोतव्यक्ति र १ जना विद्यालय निरीक्षकसँग अनुसूचि २ को प्रस्नावली प्रस्तुत गरी संकलित तथ्याङ्क**

| क.स. | राम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत | नराम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वि.व्य.स.ले बढी स्वायत्तता प्राप्त गर्नु | ३ | १०० | वि.व्य.स.ले आफै समाधान गर्नसक्ने समस्यालाई समाधान गर्न नसक्नु | १ | ३३.३३ |
| २ | सिमान्तकृत,दलित तथा जनजातीका छोरा छोरी बढी लाभान्वित हुनु | ३ | १०० | वि.व्य.स. ले विद्यालयको व्यवस्थापनमा नयाँ सोच दिन नसक्नु | ३ | १०० |
| ३ | विद्यालयले थप अनुदान प्राप्त गर्नु | ३ | १०० | विद्यालयलाई दिएको अनुदान रकम सही ठाउँमा प्रयोग गर्न नसक्नु | ३ | १०० |
| ४ | विद्यालय प्रतिको सोचमा परिवर्तन आइ अपनत्वको भावना विकास हुनु | २ | ६६.६६ | वि.व्य.स.निरंकुश बन्नु | २ | ६६.६६ |
| ५ | विद्यालयको शैक्षिक उपलब्धीमा बृद्धि हुनु | ३ | १०० | एकमुष्ठ अनुदान पाउने कारणले मात्र समुदायमा जान खोज्नु | २ | ६६.६६ |
| ६ | नियमित अनुगमन हुनु | ३ | १०० | शिक्षकको पेशागत सुरक्षाप्रति चिन्ता बढ्नु | ३ | १०० |

स्रोत : विद्यालय अभिलेख २०६६

प्रस्तुत तालिकाबाट जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक र श्रोतब्यक्तिबाट विद्यालयको व्यवस्थापनलाई समुदायमा हस्तान्तरण गर्दा विद्यालयले बढी स्वायत्तता प्राप्त गर्नु, थप अनुदान पाउनु, सिमान्तकृत, दलित तथा जनजातीका छोराछोरीहरु बढी लाभान्वित हुनु, अभिभावको सोचमा परिवर्तन आई अपनत्वको भावना विकास हुनु, शैक्षिक उपलब्धी र भौतिक

सुबिधामा बृद्धि हुनु जस्ता राम्रा पक्षहरु देखिन्छन् । त्यसै गरी समस्या समाधान गर्न नसक्नु, कार्यकुशलतामा बृद्धि नहुनु, अनुदान रकमलाई सही ठाउँमा प्रयोग हुन नसक्नु, वि.ब्य.स. निरंकुश हुनु, पेशागत सुरक्षा प्रति चिन्ता बढ्नु र एक मुष्ठ अनुदानका लागि मात्र विद्यालय अग्रसर रहनु जस्ता नराम्रा पक्षहरु देखिन्छन् । समग्रमा हेर्दा विकेन्द्रिकरणको अवधारणा अनुरुप विद्यालयको व्यवस्थापनलाई समुदायमा हस्तान्तरण गर्दा प्रतिफल पाउनेले नै कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन गर्ने, निर्णय गर्न पाउने अधिकार सम्बन्धित स्थानीय सरोकारवालाहरु (प्र.अ., वि.व्य.स., PTA र अभिभावक) लाई नै प्राप्त हुने हुनाले संस्थाको उद्देश्य प्राप्ति सम्भव रहन्छ भन्ने कुरा माथिको तथ्याङ्कले पुष्टि गर्दछ ।

**नेपाल शिक्षक यूनियन तेह्रथुमका अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष र नेपाल शिक्षक यूनियन तेह्रथुमका सचिवसँग अनुसूची ३ का आधारमा संकलन गरिएको तथ्याङ्क**

तालिका ७

| क.स. | राम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत | नराम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | समुदायमा जिम्मेवारी र दायित्व बढ्नु | ३ | १०० | सरकार आफ्नो दायित्वबाट पन्छिन खोज्नु | ३ | १०० |
| २ | भौतिक व्यवस्थापनका लागि अनुदान प्राप्त हुनु | ३ | १०० | देशको आवस्यकता अनुरुप नभई दातृ निकायको निर्देशनमा चल्नु | ३ | १०० |
| ३ | थप अनुदानको व्यवस्था हुनु | २ | ६६.६६ | शिक्षक सेवा आयोगको औचित्यलाई कमजोर पार्दै दलीय राजनीतिको चल खेल हुनु | ३ | १०० |

स्रोत : विद्यालय अभिलेख २०६६

शिक्षकका पेशागत संगठनका प्रतिनिधिहरुबाट समुदायद्धारा विद्यालयको व्यवस्थापन सञ्चालन हुँदा समुदायको जिम्मेवारी र दायित्व बढ्नु, थप भौतिक सुधारका लागि थप अनुदान प्राप्त हुनु, पटके अनुदान प्राप्त भइरहनु जस्ता राम्रा पक्षहरु छन् । त्यसै गरी सरकार आफ्नो दायित्वबाट पन्छन खोज्नु, देशको आवस्यकता अनुसार नभई दातृ निकायको निर्देशनमा चल्नु, शिक्षक सेवा आयोगको भूमिकालाई निस्क्रिय पारी विद्यालयमा राजनैतिक चलखेल हुनु जस्ता नराम्रा पक्षहरु उल्लेख छन् । विकेन्द्रिकरणको मर्मलाई आत्मसाथ गरी विद्यालयलाई द्धन्द र राजनीतिबाट राख्न सकेको खण्डमा शैक्षिक गुणस्तरमा बृद्धि हुन जान्छ ।

**तीनजना शिक्षाप्रेमी महानुभावहरुसँग अनुसूची ४ बमोजिमको खुल्ला प्रश्नावलीसँग सम्बन्धित रही संकलित तथ्याङ्कः**

तालिका ८

| क.स. | राम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत | नराम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | समुदायले विद्यालयको जिम्मेवारी दायित्व बढी लिएको | ३ | १०० | राजनीतिक चलखेल बढेको | ३ | १०० |
| २ | स्वावलम्बी बन्न खोजेको | ३ | १०० | पेशागत सुरक्षा प्रति शिक्षकहरुमा चिन्ता बढेको | २ | ६६.६६ |
| ३ | अभिभावकको प्रत्यक्ष तथा अप्रत्यक्ष लगानी भएकाले विद्यालय र अभिभावक बीचमा सम्बन्ध प्रगाढ भई शैक्षिक उपलब्धि बढेको | २ | ६६.६६ | टाठा-बाठाले विद्यालयको गतिबिधिलाई आफ्नो पकडमा राख्न खोजेको | ३ | १०० |

स्रोत : विद्यालय अभिलेख २०६६

शिक्षाप्रेमी महानुभावहरुबाट समुदायद्धारा विद्यालयको व्यवस्थापनलाई सञ्चालन गर्दा विद्यालय प्रतिको जिम्मेवारी र दायित्वलाई बढी लिएको स्वाबलम्बी बन्न खोजेको तथा विद्यालय र अभिभावक बीचको सम्बन्ध प्रगाढ भई शैक्षिक उपलब्धिमा बृद्धि भएको जस्ता राम्रा पक्षहरु छन् । त्यसै गरी विद्यालयमा राजनैतिक चलखेल बढेको, पेशागत सुरक्षा प्रति शिक्षकमा चिन्ता बढेको र टाठा- बाठा पहुँचवालाहरुले विद्यालयलाई आफ्नो पकडमा राख्न खोजेको जस्ता नराम्रा पक्षहरु उल्लेख गरिएका छन् । समग्रमा प्र.अ. शिक्षक, वि.व्य.स. तथा आभिभावक समेतको सामुहिक प्रयास हुन सकेको खण्डमा विद्यालयको समग्र विकासमा टेवा पुग्ने देखिन्छ ।

**बाह्रवटा नमुना छनौटमा रहेका विद्यालयका प्र.अ.सँग अनुसूची ५ बमोजिमको बन्द र खुल्ला प्रश्नावली प्रस्तुत गरी संकलन गरिएका तथ्याङ्कहरु**

तालिका ९

| क.स. | राम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत | नराम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयले बढी स्वायत्तता महसुस गरेको | ८ | ६६.६६ | वि.व्य.स. ले प्रशासनिक काम कारवाहीमा बढी दवाब दिने गरेको | ६ | ५० |
| २ | विद्यालय र समुदायको सम्बन्ध प्रगाढ भएको | ११ | ९१.६६ | व्यवस्थापनका सम्पूर्ण जिम्मेवारी लिन समुदाय सक्षम भई नसकेको | ८ | ६६.६६ |
| ३ | निर्णय प्रकियामा समुदायको सहभागिता बढ्नु | १० | ८३.३३ | पेशागत सुरक्षा प्रति शिक्षकहरु मा चिन्ता बढ्नु | १२ | १०० |
| ४ | शैक्षिक उपलब्धी उच्च हुनु | ११ | ९१.६६ | राजनैतिक चलखेलमा बृद्धि | १२ | १०० |
| ५ | विद्यालयले समुदायबाट बढी सहयोग प्राप्त गर्नु | ११ | ९१.६६ | जि.शि.का.बाट पर्याप्त अनुगमन नहुनु | ७ | ५८.३३ |
| ६ | आर्थिक कारोवार पारदर्शी हुनु | १२ | १०० | सरकार शैक्षिक जिम्मे वारीबाट पन्छिन खोजेको | १२ | १०० |
| ७ | अभिभावकमा अपनत्वको भावना बढनु | ११ | ९१.६६ | विद्यालयमा नराम्रा व्यक्तिहरु हावी हुनु | १० | ८३.३३ |
| ८ | एक मुष्ठ एक लाख अनुदान प्राप्त हुनु | १२ | १०० | | | |
| ९ | थप अनुदान रकमहरु प्राप्त हुनु | १२ | १०० | | | |
| १० | अभिभावकबाट विद्यालयलाई नियमित सहयोग हुनु | १२ | १०० | | | |

स्रोत : विद्यालय अभिलेख

२०६६

नमुना छनौटमा रहेका विद्यालयका प्र.अ.हरुबाट विद्यालयको ब्यवस्थापन समुदायलाई हस्तान्तरण गरी सञ्चालन गर्दा विद्यालयले स्वायत्तता महसुस गर्न सक्नु, समुदाय र विद्यालयको सम्बन्ध प्रगाढ हुनु, निर्णय प्रकियामा सहभागिता बढाउनु, शैक्षिक उपलब्धी उच्च हुनु, समुदायबाट सहयोग प्राप्त गर्नु, आर्थिक कारोबार पारदर्शी हुनु, अभिभावकमा अपनत्वको भावना बढ्नु , एकमूष्ठ अनुदान प्राप्त हुनु , थप अनुदान प्राप्त गर्नु जस्ता राम्रा पक्षहरु उल्लेख भएका छन् । त्यसै गरी वि.ब्य.स.बाट प्रशासनिक हस्तक्षेप , ब्यवस्थापनका सम्पूर्ण जिम्मेवारी लिन समुदाय असक्षम, पेशागत सुरक्षा प्रति शिक्षकहरुमा चिन्ता , विद्यालयका राजनैतिक चलखेल , जि.शि.का.बाट पर्याप्त अनुगमन नहुनु ,सरकार शैक्षिक जिम्मेवारीबाट पन्छिन खोजेको भान हुनु , विद्यालयमा नराम्रा ब्यक्तिहरुको हावी हुन सक्ने सम्भावना जस्ता नराम्रा पक्षहरु उल्लेख छ । कुनै पनि योजनाका सबै राम्रा पक्षहरुमात्र हुनसक्दैनन् । नराम्रा पक्षहरुको न्यूनीकरण गर्न सबै सरोकारवालाहरुको सामुहिक प्रयास हुन सकेको खण्डमा विद्यालयको चौतर्फी विकास गर्न सम्भव हुन जान्छ ।

**बाह्रवटा नमुना छनौटमा रहेका वि.व्य.स.का अध्यक्षसँग अनुसूची ६ बमोजिमको खुल्ला र बन्द प्रश्नावली प्रस्तुत गरी संकलन गरिएका तथ्याङ्क**

तालिका १०

| क.स. | राम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत | नराम्रा पक्षहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | अभिभावकमा विद्यालय हाम्रो हो भन्ने भावनाको विकास भएको | १२ | १०० | एकमुष्ठ अनुदान प्राप्त गर्न मात्र तत्पर रहेको | ९ | ७५ |
| २ | विद्यालयको भौतिक सुधार गर्न समुदायको संलग्नता बढेको | १० | ८३.३३ | पेशागत सुरक्षा प्रति शिक्षकमा चिन्ता बढेको | ८ | ६६.६६ |
| ३ | विद्यालय र समुदायको सम्बन्ध बढेको | ११ | ९१.६६ | पूर्णरुपले स्वायत्तता को अनुभूति हुन नसकेको | १० | ८३.३२ |
| ४ | एकमूष्ठ अनुदान रु. १ लाख प्राप्त गरेको | १२ | १०० | प्राप्त अनुदान सहि ढंगले परिचालन | ११ | ९१.६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्न नसकेको | | |
| ५ | थप अनुदान पनि प्राप्त गरेको | १२ | १०० | | | |
| ६ | दलित, जनजाती र सिमान्तकृत बालवालिका लाई राहत पुगेको | १२ | १०० | | | |
| ७ | आर्थिक कारोबार पारदर्शी भएको | ११ | ९१.६६ | | | |

स्रोत : विद्यालय अभिलेख २०६६

नमुना छनौटमा रहेका विद्यालयहरुका वि.ब्य.स.अध्यक्षहरुबाट विद्यालयको ब्यवस्थापन समुदायद्धारा सञ्चालन हुंदा अपनत्वको भावनाको विकास हुनु, भौतिक सुधारमा समुदायको संलग्नता बढ्नु, विद्यालय र समुदायको सम्वन्ध बढ्नु, एकमुष्ठ र थप प्राप्त गर्नु, आर्थिक कारोबार पारदर्शी हुनु , दलित, जनजाती र सिमान्तकृत अभिभावकका छोराछोरीलाई राहत पुग्नु जस्ता राम्रा पक्षहरु उल्लेख छन् । त्यसै गरी नराम्रा पक्षहरुमा एकमुष्ठ अनुदान प्राप्त गर्न मात्र तत्पर हुनु , पेशागत सुरक्षा प्रति शिक्षकमा चिन्ता बढ्नु , अभिभावकमा पूर्ण रुपले स्वायत्तताको अनुभूति नहुनु र प्राप्त अनुदान सही ढङ्गले परिचालन गर्न नसक्नु जस्ता पक्षहरु उल्लेख छन् ।

### ४.३.१ विद्यालयको व्यवस्थापनलाई समुदायले जिम्मा लिइसके पछिको समुदायसँगको सम्बन्धको विश्लेषण

विद्यालय र समुदायको सम्बन्धको विश्लेषण गर्न शिक्षासँग सरोकार राख्ने पक्षहरु मध्ये विद्यालय निरीक्षक, स्रोतव्यक्ति, पेसागत संगठनका पदाधिकारी, शिक्षाप्रेमी महानुभावहरु, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग प्रश्नावलीको माध्यमबाट विचार सङ्कलन गरिएको थियो । वहाँहरुको धारणा अनुसार अभिावकको सोचमा परिवर्तन आएको, समुदायको जिम्मेवारी र दायित्व बढेको, विद्यालयलाई स्वावलम्भी बनाउन खोजेको, अपनत्वको भावनाको विकास भएको, निर्णय प्रक्रियामा सक्रिय सहभागिता

